# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २६६ | काठमाडौं | बिहीबार, १२ माघ २०७९ | Prabhab National Daily | Thursday, January 26, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## आत्मदाह प्रयास गरेका प्रेमप्रसादको निधन

- प्रेमप्रसादले उठाएका विषयबारे छानबिन गर्ने मन्त्रिपरिषद्को निर्णय
- छानबिन गरी यथाशीघ्र प्रतिवेदन तयार पार्न गृह मन्त्रालयलाई जिम्मेवारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** आत्मदाहको प्रयासपछि मृत्यु भएका व्यवसायी प्रेमप्रसाद आचार्यले उठाएका विषयमा सरकारले छानबिन गर्ने भएको छ । बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले आचार्यले उठाएका विषयमा छानबिन गर्ने र छानबिनको निष्कर्षपछि आवश्यक कदम चाल्ने निर्णय गरेको उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले जानकारी दिए ।

'आत्मदाह गर्नुभएका प्रेमजीले गम्भीर विषय उठाउनुभएको थियो, उहाँले आफू अन्यायमा परेको विषय पनि उठाउनुभएको थियो,' गृहमन्त्री लामिछानेले भने, 'ती विषयमा गृह मन्त्रालयले नै तदारुकताका साथ छानबिन गर्ने र सत्यतथ्य बाहिर आइसकेपछि आवश्यक कदम चाल्ने निर्णय भएको छ ।'

मन्त्रिपरिषद्ले उक्त विषयमा छानबिन गरी यथाशीघ्र प्रतिवेदन पेस गर्न गृह मन्त्रालयलाई जिम्मेवारी दिने निर्णय गरेको हो । उक्त निर्णयबमोजिम छानबिन कार्य अगाडि बढाइने उपप्रधान तथा गृहमन्त्री लामिछानेले जानकारी दिए । छानबिनका लागि समिति आवश्यक परे गठन गरिने पनि उनले बताए । 'समिति गठन गर्नुपर्ने आवश्यकता अहिले नै छैन तर आवश्यक परेको खण्डमा समिति गठन गरिनेछ,' उनले भने ।

साथै, मृतक आचार्यको परिवारलाई राहत उपलब्ध गराउनेबारे निर्णय गर्ने जिम्मेवारी पनि गृह मन्त्रालयलाई नै दिइएको जानकारी दिइएको छ ।

इलामका व्यवसायी आचार्यले मंगलबार दिउँसो नयाँ बानेश्वर स्थित सडकमा शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेका थिए । त्यसपछि उनलाई उद्धार गरी कीर्तिपुरस्थित बर्न अस्पतालमा लगिएको थियो । त्यहाँ उपचारका क्रममा बुधबार बिहान ५ बजे उनको निधन भएको थियो ।

उनले आफ्नो शरीरमा आगो लगाउनुअघि सामाजिक सञ्जाल फेसबुकमा लामो स्टाटस लेखेर आफूले भोगेका घटना उल्लेख गरेका थिए । स्वदेशमै केही गर्न खोज्दा कसैको साथ नपाएको भन्दै उनले गम्भीर विषय उठान गरेका छन् । करिब छ हजार शब्द लामो फेसबुक स्टाटस लेखेका उनले देशको स्थिति र आफूले भोग्नुपरेको सास्तीका विषयबारे उठान गर्दै विभिन्न बुँदाहरुमा सरकारलाई सुझाव दिएका थिए ।

आचार्यको (**बाँकी पृष्ठ २ मा**)

### गृहमन्त्री लामिछानेको नागरिकता विवादमा प्रश्न

# नेपाली नागरिक हुन् कि होइनन् ?

- निवेदकहरु हदकैया नभएको लामिछानेपक्षीय कानुन व्यवसायीहरूको जिकिर, रिट खारेजीको माग ।
- लामिछाने नेपाली नागरिक नै नभएको निवेदक पक्षीय कानुन व्यवसायीहरूको तर्क । गृहमन्त्री, सांसद र पार्टी सभापति पद बदर गराउन माग ।




■ जेबी योञ्जन

**काठमाडौं–** विधिको शासनको पक्षमा खरोगरी वकालत गर्ने गृहमन्त्री रवि लामिछाने नै नागरिकतासम्बन्धी गम्भीर विवादमा फसेका छन् । उनी नेपाली नागरिक हुन् कि होइनन् ? कानुनी प्रश्न उठेको छ ।

सर्वोच्च अदालतको संवैधानिक इजलासले यो प्रश्नको न्यायिक निरुपण गर्दै छ । बुधबार बसेको इजलासले मुद्दालाई 'हेर्दाहेर्दै'मा राखेको छ । यही शुक्रबार मुद्दाको अन्तिम सुनुवाइ हुनेछ ।

मुद्दाको फैसला रिट निवेदकहरूको मागअनुसार आए लामिछानेको गृहमन्त्री, सांसदसँगै राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति पदसमेत जानेछ । नआएको अवस्थामा विदेशी नागरिकता त्यागेपछि नेपाली नागरिकता लिने कुनै कानुनी प्रक्रिया नै नचाली पुरानो नागरिकता स्वतः कायम हुने नजिर बस्ने कानुनका जानकारहरूको मत छ । लामिछानेले यसअघि सर्वोच्चमा लिखित जवाफ बुझाउँदै आफूले नेपाली नागरिकता परित्याग नगरेकाले स्वतः कायम भएको जिकिर गरेका थिए ।

उनको लिखित जवाफपछि बुधबार बसेको इजलासमा गृह मन्त्रालयलगायत सरकारी निकायका तर्फबाट सहन्यायाधिवक्ता सञ्जीवराज रेग्मी बहसमा आएका थिए । सुरूमै उनले लामिछानेको उम्मेदवारीको योग्यतामा प्रश्न गर्ने हकदैया (अंशियारी) रिट निवेदकहरूमा नभएको तर्क गरे । उनको दाबी थियो- 'प्रतिनिधिसभा ऐन तथा नियमावलीले पनि प्रतिस्पर्धी उम्मेदवारले मात्र अर्को उम्मेदवारको अयोग्यतासम्बन्धी रिट दिने व्यवस्था गरेको छ ।'

आफ्नो जिकिरलाई बलियो बनाउन उनले विभिन्न ऐन-कानुनको उदाहरण दिएका थिए । यतिसम्म कि उनले गृहमन्त्री रविको नागरिकता विवादसम्बन्धी मुद्दा उजुरीका रूपमा मात्रै संवैधानिक इजलासमा आउनुपर्ने तर्क गरे । निवेदनको रूपमा आउनुलाई उनले उपयुक्त ठानेनन् ।

रेग्मीको यस्तो तर्कपछि न्यायाधीश अनिलकुमार सिन्हाले उनीमाथि प्रश्न गरे । 'कुनै उम्मेदवार अयोग्य हो भनेर जुनसुकै मान्छेले निवेदन दिन वा उजुरी गर्न पाउँदैन ?,' सिन्हाको प्रश्न थियो ।

जवाफमा रेग्मीले नियमकानुन बदर गर्ने माग भएको भए मात्र रिटमा आउन मिल्ने बताए । उनले नागरिकतासम्बन्धी विवाद सामान्य विषय भएको दाबी गरे ।

लगत्तै न्यायाधीश ईश्वरप्रसाद खतिवडाले रेग्मीलाई सोधे, 'कुनै तरिकाले विदेशी नागरिक सांसद भयो भने निवेदन लिएर उजुरी हाल्न को आउने हो ? समानुपातिक सूचीमा रहेका उम्मेदवारको अयोग्यताबारे उजुरी कसले दिने हो ?'

(**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

### मलेसियाका मानव संसाधनमन्त्रीको चेतावनी

# 'आवासको उचित प्रबन्ध नगरे कारबाही'



■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसिया सरकारले रोजगारीका लागि रहेका आप्रवासी कामदारलाई उचित आवासको प्रबन्ध नगर्ने रोजगारदातामाथि कारबाही गर्ने चेतावनी दिएको छ । त्यहाँका मानव संसाधनमन्त्री भी शिवकुमारले विदेशी कामदारहरुलाई उपलब्ध गराइएको आवास सुविधाजनक नपाइएको भन्दै रोजगारदातालाई कानुनी कारबाही गर्ने चेतावनी दिएका हुन् ।

मलेसियाको सञ्चारमाध्यम मले मेलका अनुसार मन्त्री शिवकुमारले मंगलबार आप्रवासी कामदारलाई रोजगारदाताहरुले उपलब्ध गराइएको आवासस्थलको निरीक्षण गरेका थिए । रोजगारदाताले नाफा कमाउने उद्देश्य राखिरहँदा आफूले काममा लगाएका कामदारप्रतिको दायित्व भुल्न नहुने भन्दै मन्त्री शिवकुमारले तत्काल उचित र व्यवस्थित आवास सुविधा प्रबन्ध गराउन निर्देशन दिएको समाचारमा जनाइएको छ ।

> आप्रवासी कामदार बस्ने दुईवटा आवासस्थलमा मन्त्री शिवकुमारले आकस्मिक निरीक्षण गर्दा रोजगारदाताहरूले क्षमताभन्दा बढी र असुरक्षित तवरले कामदारलाई राखिएको पाइएको समाचारमा उल्लेख गरिएको छ ।

आप्रवासी कामदार बस्ने दुईवटा आवासस्थलमा मन्त्री शिवकुमारले आकस्मिक निरीक्षण गर्दा रोजगारदाताहरुले क्षमताभन्दा बढी र असुरक्षित तवरले कामदारलाई राखिएको पाइएको समाचारमा उल्लेख गरिएको छ । मन्त्री शिवकुमारले विदेशी कामदारहरुलाई यसरी राखिनु सरसफाइ, सुरक्षा, स्वास्थ्यलगायतका दृष्टिकोणले पनि गम्भीर लापरवाहीमने विषय भएको बताएका छन् । तत्काले सुधारका लागि निर्देशन दिँदै उनले यसलाई आफूले सामान्यरुपमा नलिने पनि बताएको मले मेलले उल्लेख गरेको छ । उनले कुनै देशबाट मलेसिया ल्याइएका कामदारहरुको सम्पूर्ण कुरामा मलेसियाकै रोजगारदाताहरु र सरकारको दायित्व हुने भएका कारण यसलाई नजरअन्दाज गर्न नहुने बताएका थिए ।

निरीक्षणका क्रममा एउटा आवासस्थलमा श्रमिकका लागि सुत्ने म्याट्रेससमेत नभएको पाइएको भन्दै यसमा तत्काल सुधार गर्न सबै रोजगारदातालाई मन्त्रीले सचेत गराउँदै अन्यथा कानुनी कारबाही अगाडि बढाउन बाध्य हुने बताएको जनाइएको छ ।

सन् २०२४ सम्ममा १० लाखभन्दा बढी विदेशी कामदार भित्र्याउने तयारी गरीरहेको मलेसिया सरकारले कामदारको आवास सुविधा र स्वास्थ्य सुरक्षालाई प्रथमिकता दिएको छ । यतिखेर मलेसियाको रोजगारीको क्षेत्रमा ठूलो संख्यामा विदेशी श्रमिक अभाव चुलिएको छ । विदेशी कामदार आकर्षित गर्न विभिन्न रणनीति अपनाएको मलेसिया सरकारले मासिक न्यूनतम ज्यालादर १५ सय रिंगेट पुऱ्याएको छ । यति हुँदा पनि मलेसियाको श्रम बजारले कामदारको चर्को अभाव झेलिरहेको त्यहाँका सञ्चारमाध्यमले उल्लेख गरेका छन् । मलेसिया सरकारले कामदारको अभाव हुन नदिन केही हप्ता अघिमात्रै विदेशी कामदारको निवेदनलाई तीन दिनभित्रै स्वीकृति दिने निर्णय गरेको थियो । मलेसियाले हाल नेपाललगायत विभिन्न मुलुकबाट कामदार आपूर्ति गरिरहेको छ ।

## क्रोएसिया पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि क्रोएसिया पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिबाट रकम लिएर ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । क्रोएसियाको एक प्रतिष्ठित कम्पनीमा फुड प्याकिङको आकर्षक रोजगारी दिलाइदिने भन्दै ठगी गरेको आरोपमा साहिल बस्नेतलाई प्रहरीले पक्राउ गरेको हो ।

क्रोएसियामा रोजगारी र आकर्षक आम्दानी हुने लोभ देखाएर प्रतिव्यक्ति छ लाख रुपैयाँ लाग्ने भन्दै पीडितसँग पटक-पटक गरी आठ लाख ४० हजार रुपैयाँ ठगी गरेको अभियोगमा काठमाडौं सिनामंगल बस्ने मिक्लाजुङ गाउँपालिका-९ मोरङ स्थायी घर भएका २९ वर्षीय बस्नेतलाई मंगलबार प्रहरीले पक्राउ गरेको हो ।

उनलाई उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले सिनामंगलबाटै पक्राउ गरेको जनाएको छ । पीडितहरुबाट रकम संकलन गरी सम्पर्कसमेत नगरी फरार रहेको अवस्थामा उनलाई प्रहरीले पक्राउ गरेको हो ।

वैदेशिक रोजगार विभागले बस्नेतलाई पक्राउ गरी उपस्थित गराइदिन आग्रह गर्दै पत्राचार गरेपछि प्रहरीले पक्राउ गरेको अपराध अनुसन्धान कार्यालयका सूचना अधिकृत प्रहरी उपरीक्षक(एसपी) कृष्णप्रसाद कोइरालाले बताए । पक्राउ परेका बस्नेतलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको एसपी कोइरालाले जानकारी दिए ।

विदेशमा आकर्षक तलब प्राप्त हुने लोभमा फस्दा नेपालीहरु दैनिकजसो ठगिँदै आएको विभागका निर्देशक एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले बताए । पछिल्लो समय ठगीका घटना बढ्दै गएको भन्दै भुसालले विभागमा थुप्रै उजुरी पर्ने गरेको र नेपाल प्रहरीको समन्वयमा ठगीमा संलग्नहरुलाई पक्राउ गरिरहेको बताए ।




# वसन्त श्रवण आज बिहान १०:४७ बजे नासलचोकमा

**काठमाडौं–** प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने वसन्त पञ्चमी पर्व आज बिहान १०:४७ बजे नासल चोकमा वसन्त श्रवण गरी मनाइँदै छ ।

नेपाल पञ्चांग निर्णायक विकास समितिले दिएको साइतअनुसार बिहान १०:४७ बजे हनुमानढोकाको नासलचोकमा वसन्त श्रवणको कार्यक्रम राखिएको हो । वसन्त श्रवणमा राष्ट्रपति सहभागी हुने हनुमानढोका दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख सन्दीप खनालले जानकारी दिए ।

वसन्त श्रवणमा उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्रीहरु, मन्त्रीहरु, सांसदहरु, संवैधानिक अंगका प्रमुख एवं सदस्य, प्रदेशसभा सदस्यलगायतको उपस्थिति रहने उनले बताए । वसन्त श्रवणको सबै तयारी पूरा भएको कार्यालयले जनाएको छ ।

### सरस्वतीको पूजा आराधना गरिदै

यसैगरी प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीकै दिन मनाइने 'श्रीपञ्चमी' पर्व आज विद्याकी अधिष्ठात्री देवी सरस्वतीको देशभर निष्ठापूर्वक पूजा-आराधना गरी मनाइँदै छ । चन्द्रमाजस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी विद्याकी देवी सरस्वतीलाई भक्तजनले भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्छन् ।

विद्या र सिर्जनाकी देवी भएकाले विशेषगरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन् । सरस्वतीलाई तान्त्रिकहरूले तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा मान्छन् ।

ूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ आजको दिनलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ । ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धांगिनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने उल्लेख छ । यसैकारणले सरस्वती पूजालाई ठूलो महत्त्व दिइन्छ । आजका दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने विश्वास छ ।

आजका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने मान्यता छ । यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक-कान छेड्न पनि शुभ मानिन्छ । उपत्यकाका स्वयम्भू, मैतीदेवी र गैरीधारास्थित नीलसरस्वती, ललितपुरको लेलेलगायत अन्य जिल्लामा रहेका सरस्वतीका मन्दिरमा आज बिहानैदेखि पूजाआजा गर्न भक्तजन, खासगरी छात्रछात्राको घुइँचो लाग्ने गर्छ ।

सरस्वतीलाई चढाइएको सात गेडा अक्षता निलेमा विद्या र बुद्धि स्फुरण भई विद्यादेवीबाट चेतनाको ज्योति पाइन्छ भन्ने धार्मिक विश्वास छ । यस अवसरमा हनुमानढोका दरबारमा वसन्त श्रवण गरिन्छ । वसन्त श्रवणमा राजतन्त्र हुञ्जेल राजा जाने गरेकामा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि राष्ट्राध्यक्षका नाताले राष्ट्रपतिको उपस्थिति हुन थालेको हो । *रासस*

## नेपाली नागरिक...

पृष्ठ १ बाट जारी

रेग्मीले अयोग्यतासम्बन्धी विवादलाई सार्वजनिक महत्त्वको मुद्दा मान्ने/नमान्नेबारे सर्वोच्चले व्याख्या गर्नुपर्ने बताए । उनले गृहमन्त्री रविको प्रतिरक्षा गर्दै नेपाली नागरिकता लिन योग्य व्यक्तिले नागरिकता नलिएको भए पनि ऊ नेपाली नागरिक हुने जिकिर गरे । रेग्मीको जवाफपछि न्यायाधीश खतिवडाले 'उसो भए नेपाली नागरिकताको प्रमाणपत्र नलिएको व्यक्ति उम्मेदवार हुन सक्छन् ? तपाईंले लोकसेवा आयोगमा नागरिकता बुझाउनु भएन ?' भन्दै अर्को प्रश्न गरे । सहन्यायाधिवक्ता रेग्मीले राज्यका सेवा सुविधा तथा अधिकार लिने भनेको अवस्थामा मात्र नागरिकता चाहिने र नेपाली नागरिक हुँ भन्न नचाहिने बताए ।

रेग्मीपछि बहसमा आएका रविपक्षकै वरिष्ठ अधिवक्ता सुशील पन्तले नागरिकता पुनः कायम गर्न जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुनपर्ने जिकिर गरे । रविले अमेरिकी नागरिकता त्यागेको निस्सा अध्यागमन कार्यालयमा दिइसकेको र नागरिकतासम्बन्धी विवाद गृह मन्त्रालयबाट सल्टिएको पनि बताए । उनका अनुसार विदेशी नागरिकता लिन नेपाली छोड्छु भन्नेले मात्रै पुनः कायम गर्न भनेर निवेदन दिनुपर्छ । होइन भने पर्दैन । रविलाई पनि नपर्ने उनको तर्क थियो ।

अर्का वरिष्ठ अधिवक्ता सुनिल पोखरेलले भने निवेदकहरू हदकैया नभएको भन्दै रिट खारेजीको माग गरेका थिए । निवेदक पक्षका कानुन व्यवसायीहरू वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी, रविराज बसौला, रमण कर्ण, अमृत खरेलगायतले पहिले नै बहस गरेका थिए । उनीहरूले लामिछाने नेपाली नागरिक नै नभएको जिकिर गरेका थिए ।

उनीहरूबाट प्रस्तुत जिकिरहरू यस्ता थिए- लामिछानेको नागरिकता २०५० साल फागुन १० गते जारी भएको । नेपाली नागरिकता त्यागेर २०७० फागुन ११ गते अमेरिकी नागरिकता लिएको । २०७१ जेठ २१ मा नेपाल आएको । अमेरिकी नागरिकता लिइसकेपछि पुरानो नागरिकताकै आधारमा २०७३ जेठ १३ गते नेपाली राहदानी लिएको ।

लामिछानेले भने आफूले अमेरिकी नागरिकता त्यागेको पटक-पटक भन्दै आएका छन् । अमेरिकी दूतावासमा उक्त देशको नागरिकता त्याग गरेकोसम्बन्धी निवेदन दिएका कारण आफ्नो पुरानो नागरिकता स्वतः कायम भएको र पुनः प्राप्तिको प्रक्रियामा जान नपरेको भन्दै रिटको औचित्य नभएको र खारेजीको माग गरेका थिए । हुन पनि २०७४ जेठ ४ गते अमेरिकी नागरिकता त्यागका लागि दिएको निवेदन र त्यसका लागि तिरेको शुल्क २०७४ जेठ ६ गते त्यसको निस्सा अध्यागमन कार्यालयलाई दिएका थिए ।

तर, नेपाल नागरिकता ऐन २०६३ अनुसार भने विदेशी नागरिकता लिएपछि नेपाली नागरिकता खारेज हुने र फेरि लिनु परे विदेशी नागरिकता परित्याग गरेर फेरि निवेदन दिएपछि मात्रै कायम गर्नुपर्ने व्यवस्था छ ।

रविको नागरिकतासम्बन्धी विवादमा भने २३ असोजमै उम्मेदवारी दर्तापछि मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी परेको थियो । तर, निर्वाचन आयोगले मुल्तबीमा राख्यो । लामिछाने चितवन-२ बाट प्रतिनिधिसभामा निर्वाचित भए । संघीय संसद् सदस्यको रूपमा शपथ ग्रहण गर्दै १० पुसदेखि स्वार्थ बाझिने गृह मन्त्रालय सम्हालिरहेका छन् । उनको नागरिकता विवादसम्बन्धी मुद्दा भने सर्वोच्चबाट टुंगिन बाँकी छ ।

## आत्मदाह प्रयास...

पृष्ठ १ बाट जारी

उक्त स्टाटसले अधिकांश नेपालीको प्रतिनिधित्व गरेको भन्दै अहिले सामाजिक सञ्जालमार्फत सरकारलाई चौतर्फी प्रश्न गर्ने उठाइएको छ । आत्मदाहका लागि बाध्य हुने स्थिति सिर्जना गर्नु राज्यको कमजोरी भएको भन्दै आलोचना भइरहेको छ । उक्त आलोचना र दबाबपछि सरकारले सो विषयमा छानबिन गर्ने निर्णय गरेको हो ।

गृहमन्त्री लामिछानेले बुधबार मृतक आचार्यका परिवारलाई भेटेका छन् । गृहमन्त्री लामिछाने कीर्तिपुर अस्पताल पुगेर आचार्यका परिवारसँग भेटेका हुन् । त्यस क्रममा उनले मृतक आचार्यले उठाएका मागका बारेमा यथेष्ट छानबिन गर्ने प्रतिबद्धता जनाए ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ९ अंक २६५ माघ ११ गते २०७९ मा प्रकाशित Supreme Overseas Pvt. Ltd. मेनपावरको Oracle Symphony SDN. BHD. कम्पनीको Lot No. 279967 को विज्ञापनमा **मलेसियामा वैदेशिक रोजगारको अवसर** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याईएको जानकारी गराइन्छ ।

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## बिमालेख हरायो

मिति २०७८/०६/१० गते, मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : दिपा श्रेष्ठ
बिमालेख नं : ०११००००४००
( गुरास लाईफ इन्स्योरेन्स )
ठेगाना : काठमाडौं
सम्पर्क नं : ९८४१८०४४८३

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!

## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

**COMPANY: MP MINERAL WATER MANUFACTORING SDN BHD**
**कम्पनी : टि.ए. फर्निचर इन्डस्ट्रिज एसडिएन. बिएचडि.**

Pre Approval Date : 2023-01-24 / पूर्व स्वीकृति मिति : २०७९/१०/१० | LT. No.280024 / एल टि न. २८००२४ | Invoice No. 60195579 / चलानी नं. ६०१९५५७९

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिगिंट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वोर्कर Factory Worker | ५ 5 | ० 0 | आधारभूत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४५,८३० 45,830 | क. नियम अनुसार As per the com pany rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोटः आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

**यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**

SWIFT H.R. SOLUTION PVT.LTD does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 2nd February, 2023 in office premisees.**
**अन्तर्वाता मिति २०७९ माघ १९ गते कार्यालय परिसरमा हुनेछ ।**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रकिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

**We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**SWIFT H.R. SOLUTION PVT. LTD.**
श्रम ईजाजत नं. ११९७/०७३/०७४
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **JAWHARAT ARRIYADAH FOR GLASSESS**

पुर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. 280097 | चलानी नं. ६०१९५५९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1300 | ४५,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. ५५०/०६२/०६३
रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४, ९८२६२७५७७०

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NEW STREET BUILDING MAINTENANCE**

पुर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. 280106 | चलानी नं. ६०१९५५८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 1 | 0 | 1500 | ५३,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**
श्रम ईजाजत नं. ५०३/०६१/०६२
पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोनः ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५


## भीमदत्त नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### कञ्चनपुर
### सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्रपत्र स्विकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकासित मिति –२०७९।१०।१२)

प्रस्तूत विषय सम्वन्धमा यस कार्यालयको मिति २०७९।०९।११ गते प्रकासित बोलपत्र सूचना अनुसार तपसिल बमोजिका बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङन समितिको मिति २०७९।१०।११ गतेको वैठकको निर्णयबाट स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) प्रयोजनका लागि सम्बन्धित सबैका जानकारीका लागि ७ दिने सूचना प्रकासित गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्रदाता हरु लाइ समेत यसै सूचना बाट जानकारी गराइन्छ ।

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र एक आईटम बाहेक) |
|---|---|---|---|
| 14/ MBP/2079/080 | Maintenance works of bheemdatt park at ward no.18 | New Deepjyoti Nirman Sewa, Bhi. Na. Paa. 18, Kanchanpur | रु. १७,०९,३००।७५ |
| 15/ SBP/2079/080 | Procurement of Fabricated Steel Parts for Khaniya Khola ( Dharm Tole Shanti Tole, Ward No.01 ) Suspension Bridge | S.K. Industries, Butwal -Nepal | रु. १७,०३,३०३।१८ |
| 16/RUI/2079/080 | Improvement & Upgrading of Road, Ward no. 06 ( Shantiniketan - Ram Mandir Road ) | Nagarjun Builders, Dodhara Chadani Municipality-05, Kanchanpur | रु. ५४,९८,६२०।९४ |

प्रमुख प्रशासकीय अधिकृत

# ६ जनाको शव 'डिएनए' बाट पहिचान गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** पोखरा हवाई दुर्घटनामा मृत्यु भएकामध्ये छ जनाको शव पहिचान हुन बाँकी रहेको छ । काठमाडौं ल्याइएका ४८ मध्ये छ जनाको शव पहिचान हुन बाँकी रहेको त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालले जनाएको छ । अस्पतालका फरेन्सिकविद् डा. तुलसी कँडेलले फरेन्सिक र फिंगर प्रिन्टबाट ४२ जनाको शव पहिचान गरिएको बताए । छ जनाको शव अब 'डिएनए' परीक्षणबाट पहिचान गरिने उनले बताए ।

'छ जनाको शव अत्यधिक जलेको हुनाले हामीलाई फरेन्सिक र फिंगर प्रिन्ट विधिबाट पहिचानमा समस्या भयो, त्यसैले डिएनए विधिबाट पहिचान गर्ने प्रक्रिया सुरु गरेका छौं,' उनले भने ।

नेपाल प्रहरीको प्रयोगशालामा शवको 'डिएनए' परीक्षण गरिने छ । उनले 'डिएनए' परीक्षणका लागि मृतक र मृतकका नातेदारको नमुना संकलन गर्ने कार्य भइरहेको जानकारी दिए । यो विधिबाट शव पहिचान गर्न कम्तीमा २२ दिन लाग्नेछ । विमान दुर्घटनाका ४८ शव फरेन्सिक जाँचका लागि काठमाडौं ल्याइएको थियो भने पोखरामा २२ शवको जाँच गरिएको थियो ।

गत माघ १ गते काठमाडौंबाट पोखरातर्फ गइरहेको यती एयरलाइन्सका जहाज सेती नदीको खोँचमा दुर्घटना हुदा जहाजमा सवार ७२ जनाको मृत्यु भएको थियो ।

# ऐतिहासिक पुंगजी गुम्बा आगलागी

**गोरखा–** उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका-२ ल्होस्थित हिनांगमा रहेको करिब २०० वर्ष पुरानो पुंगजी गुम्बा आगलागी भएको छ । आगलागीबाट गुम्बा जलेर पूर्णरूपमा ध्वस्त भएको प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले जानकारी दिए । बुधबार बिहान गण्डकी प्रदेशका प्रदेशसभा सदस्य नन्दप्रसाद न्यौपानेसहितको टोली हेलिकप्टरमार्फत त्यहाँ पुगेर आगलागीबाट क्षतिग्रस्त गुम्बाको स्थलगत अवलोकन गरेको उनले बताए ।

मंगलबार अपराह्न करिब ४ बजेदेखि गुम्बामा आगलागी भएको अनुमान गरिएको प्रजिअ आचार्यको भनाइ छ । आगलागीबाट मन्दिरभित्र रहेका सबै मूर्ति, ऐतिहासिक ग्रन्थहरूका साथै ताम्रापत्रहरू जलेर नष्ट भएका छन् । उक्त गुम्बा गएको वर्ष मात्रै पुनःनिर्माण गरिएको थियो ।

अनुगमन टोलीमा सहभागी जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक केदार खनालले सोलारका लागि प्रयोग भएको तारमा सर्ट भएपछि गुम्बामा आगलागी भएको हुनसक्ने अनुमान गरिएको बताए । ऐतिहासिक तथा पुरातात्त्विक हिसाबले अति महत्त्वपूर्ण मानिएको उक्त गुम्बामा भएको आगलागी स्थानीयको सहयोगमा बुधबार राति अबेर नियन्त्रणमा आएको उनको भनाइ छ ।

गुम्बामा भएको आगलागीका कारण ३० करोड रुपैयाँभन्दा बढीको क्षति भएको हुनसक्ने गोरखा क्षेत्र नं १ (१) का प्रदेशसभा सदस्य नन्दप्रसाद न्यौपानेले जानकारी दिए । उनले सदरमुकाम फर्किएलगत्तै आगलागीका बारेमा संघीय र प्रदेश सरकारलाई जानकारी गराउने र पुनःनिर्माणका लागि पहल गर्ने बताए । समुद्र सतहबाट तीन हजार ३०० मिटर उचाइमा रहेको सबै सामान जलेर नष्ट भएको पाइएको प्रहरीले जनाएको छ । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUAR RIA PLASTIC INDUSTRIES SDN. BHD. शहर : Johor पुन विज्ञापन

पूर्व स्वीकृति मिति : २०२२/०७/२१ पुन विज्ञापन स्वीकृति मिति : २०२३/०१/२५ LT. No. 267745 चलानी नं . ६०१८३७८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec) | 45 | 0 | 1500 | ४५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि: शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**

श्रम ईजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEANCO CLEANING SERICES AND BUILDING MAINTENANCE

पुर्व स्वीकृति मिति २०७९/१०/११ LT No.280047 चलानी नं.६०१९५६०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 50 | 0 | 800 | २८,३४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Female) | 0 | 25 | 900 | ३१,८९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 9801020501, 9810259009,9851039010, 9851028467
E-mail : omoverseas36@gmail.com



## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUNIRA ALHARBI ATELIER FOR WOMEN

पूर्व स्वीकृति मिति : २०७९/०९/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/११ LT. No. 278477 चलानी नं.६०१९४१२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 1 | 0 | 85 | ३६,७४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Embroidery | 5 | 0 | 130 | ५६,१९५ | | | | | | | |
| 3 | Master Cutter | 2 | 0 | 130 | ५६,१९५ | | | | | | | |
| 4 | Tailor | 5 | 0 | 130 | ५६,१९५ | | | | | | | |

कम्पनी : NAILS EXTENSION LADIES BEAUTY SALOON CO.

पूर्व स्वीकृति मिति : २०७९/०२/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/११ LT. No. 263366 चलानी नं.६०१७९५४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 12 | 160 | ६८,२९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Saloon Worker | 0 | 3 | 90 | ३८,४१५ | | | | | | | |

कम्पनी : MISS CARAMEL BEAUTY CENTER & SPA

पुर्व स्वीकृति मिति २०७८/१०/२३ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/११ LT No :257400 चलानी नं. ६०१७४०२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist | 0 | 13 | 1200 | ४२,५२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist | 0 | 12 | 1200 | ४२,५२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CONVERT ENGINEERING AND TRADING

पूर्व स्वीकृति मिति:२०७९/१०/०६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/११ LT. No. 242428 चलानी नं. ६०१६०११७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 4 | 0 | 1000 | ३५,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००४/०६८/०६९

**Nepal Recruitment Consultancy Pvt. Ltd.**

Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4485647, 4485648



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: SRACO HUMAN RESOURCES BRANCH

पूर्व स्वीकृति मिति २०७८/१२/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/११ LT. No.261297 चलानी नं. ६०१७७४८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 1 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NEW TOP CHOICE CLEANING

पुर्व स्वीकृति मिति २०७९/०९/२१ पून विज्ञापन स्वीकृति मिति २०७९/१०/११ LT. No. 278935 चलानी नं. ६०१९४४३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४२,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 10 | 0 | 1000 | ३५,७९५ | | | | | | | |
| 3 | Marketing | 1 | 0 | 3500 | १२४,४५५ | | | | | | | |
| 4 | Salesman | 1 | 0 | 1500 | ५३,३३५ | | | | | | | |
| 5 | Store Keeper | 1 | 0 | 2000 | ७१,११५ | | | | | | | |
| 6 | Supervisor | 2 | 0 | 2500 | ८८,८९५ | | | | | | | |

कम्पनी : SAMA QARYATI TRADING COMPANY

पुर्व स्वीकृति मिति २०७९/१०/११ LT. No. 280110 चलानी नं. ६०१९५५९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 3 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAHATKA AAMAL GENERAL CONTRACTING COMPANY (ONE PERSON COMPANY)

पुर्व स्वीकृति मिति २०७९/१०/११ LT. No. 280109 चलानी नं. ६०१९५५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning Labor | 4 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PREMIUM CLEANING TRADING COMPANY

पुर्व स्वीकृति मिति २०७९/१०/११ LT. No. 280108 चलानी नं. ६०१९५५९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Worker | 2 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## सुनछहरी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा

## बोलपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना

**प्रकाशित मितिः२०७९।१०।१२**

सुनछहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०७९।०८।२१ र २०७९।०८।२८ गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहाय बमोजिका निर्माण कार्यहरु खरिदका लागि बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता हुन आएका शिलबन्दी बोलपत्रहरु खोली मूल्याङ्कनका लागि बोलपत्र मूल्याङ्कन समितिमा पेश भएकोमा बोलपत्र मूल्याङ्कन समितिको मिति २०७९।१०।११ गतेको निर्णायानुसार तपशिल बमोजिमका बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्रहरु छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुदाँ सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम र ठेगाना | कूल कबोल अंक (मू.अ.क.सहित) | कैफियत |
|---|---|---|---|---|
| SRM/WORKS/ NCB/03/079/80 | Jelbang Swasthya Chauki Bhawan Nirman Yojana | **Shabdik Engineering and Construction Pvt.Ltd. Dillibazar ktm-29** | **10022612.45** | |
| EGP/NCB/SRM/ WORKS/04/079-80 | Wada Karyalaya Bhawan Nirman Yojana, 6 Fagam | **JRS Engineering Solution and Construction Pvt.Ltd. Rolpa Municipality 02 Rolpa** | **7656869.26** | |
| EGP/NCB/SRM/ WORKS/05/079-80 | Chalpal Khola Dekhi Khibang Hangta Khanepani Yojana | **Kureli Nirman Sewa, Paribartan RM -1 Rolpa** | **5117018.63** | |
| EGP/NCB/SRM/ WORKS/06/079-80 | Pakhalekhola Jubang Lift Khanepani Yojana | **JRS Engineering Solution and Construction Pvt. Ltd. Rolpa Municipality 02 Rolpa** | **6736964.52** | |
| SRM/ROL/NCB/ 01/079/080 | Dharamashala Tangshalkuna Motor Bato Nirman Yojana, Fagam | **Om Gamal Construction Company, Sunil Smirti, 04 Rolpa** | **5198218.25** | |

प्रमुख प्रशासकीय अधिकृत
सुनछहारी गाउँपालिका

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### प्रेमप्रसादले छाडेका गम्भीर संकेत

आमनिर्वाचनपछि नयाँ सरकार गठन भएको एक महिना बितेको छ । भर्खरै मन्त्रिपरिषद्ले पूर्णतः पाएको छ । नयाँ सरकारले काम सुरु गर्दै गर्दा जनताले भोग्नुपरेका पीडा तथा जनतामा छाएको निराशा विभिन्न रुपमा प्रकट हुन थालेका छन् । मुख्यतः मुलुकको राजनीति अस्थिरता, बेरोजगारी, व्यवसाय सञ्चालनमा रहेको कठिनाइलगायतका कारण जनता आजित बनेको प्रस्ट हुन्छ । त्यसैको एक उदाहरण हो, प्रेमप्रसाद आचार्यको आत्मदाह ।

इलामका व्यवसायी आचार्यले मंगलबार दिउँसो नयाँ बानेश्वरस्थित सडकमा आफ्नै शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेका थिए । त्यसपछि उनलाई उद्धार गरी कीर्तिपुरस्थित बर्न अस्पतालमा लगिएको थियो । त्यहाँ उपचारका क्रममा बुधबार बिहान ५ बजे उनको निधन भएको थियो ।

उनले आफ्नो शरीरमा आगो लगाउनुअघि सामाजिक सञ्जाल फेसबुकमा लामो स्टाटस लेखेर आफूले भोगेका घटना उल्लेख गरेका थिए । स्वदेशमै केही गर्न खोज्दा कसैको साथ नपाएको भन्दै उनले गम्भीर विषय उठान गरेका छन् । करिब छ हजार शब्द लामो फेसबुक स्टाटस लेखेका उनले देशको स्थिति र आफूले भोग्नुपरेको सास्तीका विषयबारे उठान गर्दै विभिन्न बुँदाहरुमा सरकारलाई सुझाव दिएका थिए ।

आचार्यले लेखेका शब्दहरु, उठाएका विषयहरु उनीसँग मात्रै सम्बन्धित छैनन् । यसले आमनेपाली जनता, जो स्वदेशमै केही गरेर मुलुकलाई योगदान दिन चाहन्छन्, उनीहरुले भोगेका पीडालाई प्रतिनिधित्व गरेको छ । मुलुकमा व्याप्त चरम बेथितिलाई उजागर गरेको छ । यसप्रति राज्य अब पनि गम्भीर नबन्ने हो भने आचार्यको जस्तो घटना विकराल बन्दै जाने देखिन्छ । यद्यपि, यसतर्फ सरकारको ध्यानाकर्षण भएको देखिएको छ ।

मृतक आचार्यले उठाएका विषयमा सरकारले छानबिन गर्ने भएको छ । बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले आचार्यले उठाएका विषयमा छानबिन गर्ने र छानबिनको निष्कर्षपछि आवश्यक कदम चाल्ने निर्णय गरेको छ । उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले दिएको जानकारीअनुसार उक्त विषयमा गृह मन्त्रालयले नै तदारुकताका साथ छानबिन गर्ने र सत्यतथ्य बाहिर आइसकेपछि आवश्यक कदम चाल्ने निर्णय भएको छ । मन्त्रिपरिषद्ले उक्त विषयमा छानबिन गरी यथाशीघ्र प्रतिवेदन पेस गर्न गृह मन्त्रालयलाई जिम्मेवारी दिने निर्णय गरेको हो । साथै, मृतक आचार्यको परिवारलाई राहत उपलब्ध गराउनेबारे निर्णय गर्ने जिम्मेवारी पनि गृह मन्त्रालयलाई नै दिइएको जानकारी दिइएको छ ।

सरकारले छानबिन गर्नु सकारात्मक भए पनि यो औपचारिकताका लागि सीमित हुने आशंका छ । किनभने विगतमा भएका यस्ता छानबिन नभएका होइनन् । छानबिनका प्रतिवेदन बुझेपछि दराजमा थन्क्याउने प्रवृत्ति छ । यो फेरि नदोहोरियोस् भन्नेमा सरकार सचेत बनोस् । साथै, आचार्यको घटना हुन रोक्न सरकार गम्भीर बन्नैपर्छ । आचार्यले छाडेका प्रश्नहरुको जवाफ पनि सरकारले दिन पनि जरुरी छ ।

## मनन्योग्य

### चाणक्य नीति

राजा पर्वतकले आवेगमा ती सुन्दरीलाई बाहुपासमा लिए । उनलाई एक कपकपी भयो सुन्दरीलाई चिन्दै नचिनी आवेगमा भरपूर एक चुम्बन लिए मानी राजालाई हजारौं विषधरले एकैपटक हसेजस्तो भयो। राजा संजाशून्य भए (अर्थात् राजाको प्राण गयो ।)

बिहानको सूर्य एउटा नयाँ हलचल लिएर उदाए राजा पर्वतकको मृत्युको समाचार महलसहित चारैतिर फैलियो। चाणक्य र चन्द्रगुप्त पनि पर्वतकका महलतिर लागे । पर्वतकको शरीर नीलो काँचजस्तो भएको देखे । मुखबाट फिज निस्की विच्छ्यौनामा जमेको थियो । ती सुन्दरी डरले काम्दै एउटा कुनामा खडा थिइन् ।

चाणक्यले चन्द्रगुप्तपट्टि हेर्दै भने- 'देख्नुभो राजन् । यो विषकन्या थिई । यो राक्षसको डरलाग्दो षड्यन्त्र थियो । तर, उसलाई यो थाहा थिएन चाणक्यलाई झुक्याउन यति सरल छैन। मैले आँखाको नानी हेरी थाहा पाएँ । यी विषकन्या हुन् । यो सबै भेद त्यही सोमदेवबाट थाहा भयो । ऊ वास्तवमां राक्षसको विश्वासी गुप्तचर थियो। हिजै सोमदत्त बन्दी भइसक्यो । यी सुन्दरीलाई पनि देशनिकाला गर्नोस् किन कि यी सुन्दरी अरू कसैको मृत्युको कारण नबनून् ।

"सुन्नोस् । पर्वतक राजाको मृत्यु अफसोच भयो होला वास्तवमा तिनी हाम्रा मित्र थिएनन् राक्षसको गुप्तयोजना मलाई थाहा भयो यसैले अहिले राक्षसका तीरबाट राक्षसको पराजय भयो ।"

यति भन्दै चाणक्य आफ्ना निवासतर्फ लागे । चन्द्रगुप्त सोच्न थाले बी रहस्यमय मानिसका विषयमा जसलाई चन्द्रगुप्तले त्रिकालज्ञ हुन् भन्ने सोचे । क्रमश:

# 'आगामी आर्थिक वर्ष ठूला र नयाँ आयोजना ल्याउन सकिँदैन'



**डा. मीनबहादुर श्रेष्ठ**
**उपाध्यक्ष,** राष्ट्रिय योजना आयोग

*साढे पाँच वर्षपछि राष्ट्रिय योजना आयोगको उपाध्यक्षका रूपमा डा. मीनबहादुर श्रेष्ठले सिंहदरबारको दोस्रो 'इनिंस' सुरू गरेका छन् । प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकाल सुरू गरेका पुष्पकमल दाहालको सोचअनुसार काम गर्ने लक्ष्यका साथ आयोगको जिम्मेवारी सम्हालेका डा. श्रेष्ठलाई पनि नयाँ तरिकाले काम गर्नुपर्ने चुनौती छ । मुलुकको अर्थतन्त्रमा समस्या छ । नागरिकका अपेक्षा बढेका छन् । अध्ययन र अनुभवका आधारमा डा. श्रेष्ठको पृष्ठभूमि सबल छ । नेपाल राष्ट्र बैंकमा लामो समय सेवा गरेका उनलाई आममानिसले वरिष्ठ अर्थशास्त्री र नीति तथा रणनीति निर्माणमा सक्षम व्यक्तिका रूपमा चिनेका छन् । आर्थिक अनुसन्धान, तालिम, मौद्रिक नीति, वित्तीय क्षेत्र विकास र रणनीतिक योजनाका क्षेत्रमा उनले तीन दशकभन्दा बढी समय काम गरेको अनुभव पनि छ । अस्ट्रेलियाको बोलोङगोङ विश्वविद्यालयबाट अर्थशास्त्रमा विद्यावारिधि गरेका उनले त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तर तथा जनप्रशासनमा स्नातक गरेका छन् । हल्ट इन्टरनेसनल विजनेस स्कुल, युनाइटेड किङडमबाट एमबिए गरेका डा. श्रेष्ठले युनिभर्सिटी अफ न्यु अर्लिन्स, संयुक्त राज्य अमेरिकामा स्नातकस्तरको वित्तीय अर्थशास्त्र कोर्ष गरेका छन् । म्याग्दी स्थायी घर भएका श्रेष्ठले नेपाल राष्ट्र बैंकमा अनुसन्धान विभागको प्रमुख भएर काम गरेका थिए । जनताको पक्षमा देखिने गरी काम गर्ने लक्ष्यका साथ मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारी सम्हालेका दाहाल नेतृत्वको सरकारलाई सफल बनाउने दायित्व अब डा. श्रेष्ठलगायतको विज्ञ समूहलाई छ । सरकारको प्रमुख योजनाकारका रूपमा आयोगको उपाध्यक्षको जिम्मेवारी सम्हालेका डा. श्रेष्ठसँग रासस* कमी रमेश लम्साल र हेमन्त जोशीले गरेको कुराकानी:

**तपाईं आयोगको नेतृत्वमा दोस्रोपटक आउँदै गर्दा के कस्ता योजना र प्राथमिकता बोकेर आउनुभएको छ ?**

योजना आयोगका उपाध्यक्षका रूपमा मैले दोस्रोपटक काम गर्ने मौका पाएको छु । यसअघि २०७३/७४ सालमा ११ महिनाको छोटो कार्यकाल मैले काम गरेको थिएँ । त्यो बेला योजना आयोगका उपाध्यक्षका रूपमा काम गर्दा मात्रै नभएर प्रत्यक्ष-अप्रत्यक्ष रूपमा म पछिल्लो तीन दशकदेखि मुलुकको अर्थतन्त्र, योजना, नीति, कार्यक्रमसँग जोडिएको छु । अब आयोगको उपाध्यक्षका रूपमा मेरा प्राथमिकता के हुन भन्ने सवालमा गत मंसिरमा भएको निर्वाचनको परिणामपछि हामीले के गर्नुपर्छ र कसरी अघि बढ्नुपर्छ भनेर स्पष्ट देखिएको छ । पुरानै ढर्राबाट काम गर्दा अब चल्दैन है भनेर निर्वाचनबाट स्पष्ट सन्देश जनताले दिएका छन् । त्यो भनेको पहिलेका हाम्रा नीति, योजना कार्यान्वयनको शैली, कर्मचारीतन्त्रको कार्यक्षमताको स्तरलगायतका हाम्रा विद्यमान तौरतरिका स्वीकारयोग्य छैनन् भन्ने सन्देश निर्वाचनबाट आएको छ । यसमा सुधार गर्नुपर्छ, अहिलेको काम गर्ने शैलीले पुगेन, यसमा सुधार आवश्यक छ भन्ने आवाज सबैतिरबाट आएको छ ।

सरकारको निकायका रूपमा योजना आयोगले आफ्नो प्राथमिकता निर्धारण गर्दा हाम्रो संविधानले निर्दिष्ट गरेको समाजवादउन्मुख अर्थतन्त्रको निर्माण गर्ने र जनतालाई आर्थिक-सामाजिकरुपले समृद्ध बनाउने, १५औं पञ्चवर्षीय योजनामा राखिएका लक्ष्य, अहिले बनेको सरकारका न्यूनतम साझा कार्यक्रमको कार्यान्वयन, प्रधानमन्त्रीले संसद्मा विश्वासको मत लिँदै गर्दा जनाउनुभएको प्रतिबद्धता लगायतका विषयलाई कार्यान्वयनमा लैजानुपर्ने छ ।

हामीले यिनै विषयका वरिपरि रहेर काम गर्ने हो । यसमा पनि मुख्य कुरा के हो भने हाम्रा योजना र अपेक्षाहरू प्रस्ट भए पनि तिनको कार्यान्वयन गर्ने कसरी हो भन्नेमा हामी केन्द्रित हुन जरुरी छ । हाम्रा संरचना, नीति, कार्यविधि त्यसका लागि सहयोगी बन्न नसकेको अवस्था भएकाले ती क्षेत्रमा सुधार गर्नुपर्नेछ । अब हाम्रा प्राथमिकता के त ? भन्नेमा अहिले सरकारले जनाएका प्रतिबद्धता पूर्ति गर्नका लागि सबै निकाय लागि पर्छन् । योजना आयोगले पनि आफूले पाएको भूमिकाअनुसार अनुगमन मूल्यांकनका काम, संघीय संरचनाको उपयुक्त समन्वय र संघीय संरचनालाई अझ परिस्कृत गर्न सहयोग गर्छ । यी दीर्घकालसम्मका काम हुन् । अहिले तत्कालै गर्नुपर्ने काम भनेको आगामी आर्थिक वर्षको बजेटको सीमा (सिलिङ) तोक्नेदेखि योजना तथा कार्यक्रमको छनोट गर्नुपर्नेछ ।

त्यस्तै आगामी आर्थिक वर्षमा हामीले १६औं आवधिक योजना बनाइसक्नुपर्नेछ । त्यस्तै १५औं योजनाको समीक्षा तथा मूल्यांकन पनि गर्नुपर्नेछ । किनभने, १५औं योजना हामीले निकै महत्त्वाकांक्षी लक्ष्य राखेर सुरु गरेका थियौं । त्यसको पनि आधार थियो । हाम्रो योजनाको इतिहासमै १४औं योजना मात्रै यस्तो योजना थियो । यसले तोकेका धेरैजसो आर्थिक लक्ष्य पूरा गर्न सकेको थियो । त्यो बेला हामीले तीन वर्षमा सरदर सात ७.२ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने भनेका थियौं । तर, वास्तविक उपलब्धि ७.५ प्रतिशतभन्दा बढी भएको थियो । १३औं योजनासम्ममा जहिले पनि धेरैजसो लक्ष्य सजिलै भेटिँदैन थिए तर १४औं योजनामा राम्रो उपलब्धि देखिएपछि त्यसले एउटा आधार बनाइसकेकाले १५औं योजनामा पनि महत्त्वाकांक्षी लक्ष्यहरू हासिल गर्न सकिन्छ भन्ने थियो ।

१५औं योजनाको अन्त्यसम्ममा हामीले दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल गर्न सक्छौं भन्ने लक्ष्य राखिएकामा यो आवधिक योजना सुरु भएको वर्ष नै कोभिड महामारी सुरु भएपछि आर्थिक वृद्धिदर नकारात्मककै अवस्थामा पुग्यो । अहिले पनि सन् २०२३ अथवा हाम्रो आर्थिक वर्षको हिसाबमा भन्दा चालु आर्थिक वर्षको बाँकी समय र आगामी आवमा अन्तर्राष्ट्रिय परिदृश्य त्यति सहज नरहने अनुमान भइरहेका छन् । अन्तर्राष्ट्रियरूपमा देखिएको सम्भाव्य आर्थिक मन्दीका कारण त्यसको असर हामीलाई पनि पर्नसक्छ ।

**अर्थतन्त्रमा समस्या देखापरेको छ । नागरिकका अपेक्षा पनि बढेका छन् । स्रोतको उपलब्धतामा पनि चाप छ । यो सन्दर्भमा आयोगका तर्फबाट के कस्ता प्राथमिकता निर्धारण गर्नुपर्ला भन्ने लाग्छ ?**

हाम्रा आन्तरिकरूपमा रहेका संरचनात्मक समस्या छन् । अर्को बाह्य वातावरणबाट पनि हामीलाई चुनौती थपिने अवस्था छ । हामीले निर्धारण गर्नुपर्ने प्राथमिकता भनेको नियमानुसार बजेटका लागि सीमा तोक्नुपर्ने, प्राथमिकता तोक्ने, आयोजनाको छनोटमा विवेकशीलता प्रयोग गर्नेलगायतका छन् । साथै, अर्थतन्त्रमा हामीले पछिल्ला केही वर्षदेखि भोगिरहेका समस्याको समाधानको बाटो पनि खोज्नुपर्नेछ । समस्यामा रहेको हाम्रो अर्थतन्त्रको अवस्था आँकलन गरेर के गर्दा ती समस्याको समाधान गर्न सकिन्छ भनेर त्यसतर्फ हामी लाग्नुपर्नेछ । अर्थतन्त्रको सुधारका लागि प्रधानमन्त्रीले नेतृत्व गरेर सबै मन्त्रालयले त्यसमा काम गर्ने हो । यद्यपि, त्यसमा मुख्य भूमिका अर्थ मन्त्रालय, योजना आयोग र नेपाल राष्ट्र बैंकको हुन्छ । आर्थिक सूचक सुधारसँग सम्बन्धित विषयका लागि यी निकायको भूमिका महत्त्वपूर्ण हुन्छ । अरु भौतिक विकास र सामाजिक विकासका कुरामा अरु मन्त्रालयले भूमिका खेल्छन् ।

योजनाहरू व्यावहारिक र कार्यान्वयनयोग्य बनाउन जरुरी छ । योजना राम्रा बन्छन् तर कार्यान्वयनमा ठूलो समस्या छ । योजनाविद् र अर्थशास्त्रीहरू काम लाग्ने मान्छे होइनन् भन्ने मनोविज्ञान सर्वसाधारणमा पर्न गरेको छ । त्यसलाई हामीले गलत सावित गर्नुछ । १४औं योजनाको नतिजा विश्लेषण गर्दैगर्दा एउटा आशा जागेको थियो । हाम्रा योजनाविद् र अर्थशास्त्रीले तयार पारेका नीति, योजना कार्यक्रमको प्रभावकारिता देखियो भन्ने थियो ।

१४औं योजनाका लक्ष्य, उद्देश्य प्राप्त गर्दाको पनि आफ्नै पृष्ठभूमि छ । त्यो आफैं र सजिलै भएको होइन । त्योभन्दा अघि बन्द, हड्ताल, सडक विद्रोह निकै धेरै हुने गरेका थिए । मधेसमा विद्रोह थियो । तर, २०७३/७४ पछि त्यो अवस्था विस्तारै कम हुँदै गयो । मधेस केन्द्रित विद्रोहलाई मूलधारमा ल्याउन राजनीतिक नेतृत्व एक हिसाबले सफल भएपछि राजमार्ग बन्द हुने क्रम हट्यो । अर्को भनेको ऊर्जा क्षेत्रमा पनि लोडसेडिङमुक्त भयो । उद्योगको उत्पादन क्षमता बढ्यो । राष्ट्रिय गौरवका आयोजनाको रूपमा उत्तर-दक्षिण करिडोर निर्माणको कामले पनि तीव्रता पाएको थियो । त्यस्ता आयोजनामा सरकारले धेरै पैसा हालेर कामलाई तीव्रता दियो ।

ती आयोजनाको परिकल्पना पहिल्यै गरिएको भए पनि कार्यान्वयनमा तीव्रता पाएपछि भौतिक पूर्वाधार निर्माणमा पनि उल्लेख्य प्रगति देखियो । धेरै वर्षसम्म अलमलमा परेको द्रूतमार्ग अर्थात् जुन अहिले 'एक्सप्रेस वे' भनिएको छ, त्यसलाई अघि बढाउन पनि पहल भयो । यद्यपि, ती आयोजना समयमा सम्पन्न हुनसकेका छैनन् । हामीले आर्थिक सामाजिक क्षेत्रमा १४औं योजनाकै गतिमा १५औं योजनाका लक्ष्य पनि हासिल गर्न सकिन्छ भन्ने अनुमान गरिएकामा त्यसो हुन सकेन । अब हाम्रो चुनौती के छ भने १५औं योजनाले राखेका लक्ष्यलाई पनि कसरी पुनःस्थापना गर्ने भनेर सोच्नुपर्नेछ । त्यो भनेको जनजीविकासँग जोडिएका अपेक्षालाई कसरी पूर्ति गर्ने, जनजीवनकोस्तर परिवर्तन कसरी गर्ने भन्ने हो । जनताले महसुस गर्ने गरी र सूचकमा पनि वृद्धि देखिनेगरी कसरी काम गर्ने भन्ने चुनौती छ ।

**हामीले बनाएका नीति राम्रा छन्, तर कार्यान्वयन गतिलो छैन भनेर तपाईं आफैंले भन्नुभयो । यो अवस्थामा योजना कार्यान्वयनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?**

राज्यका विभिन्न निकायका भूमिका फरक-फरक तोकिएका छन् । योजना आयोगको भूमिका के हो भनेर भन्दै गर्दा हाम्रो विगतका अभ्यास र अरु देशमा योजना आयोगजस्ता निकायले गरिरहेको अभ्यासलाई नै लिन सकिन्छ । त्यो भनेको के हो भने योजना आयोगले सबैभन्दा पहिले विकास योजना, विकास नीति, आर्थिक सामाजिक नीति र कार्यक्रम बनाउने नै हो । त्यसको कार्यान्वयन गर्ने निकाय भनेका विभिन्न मन्त्रालय हुन् । तर, आफूले योजना बनाइदिएर सम्बन्धित मन्त्रालयले गरे हुने नगरे पनि चुप लाग्ने भन्ने किसिमबाट राम्रो नतिजा पाइँदैन । नीति र त्यसको कार्यान्वयनबीच खाडल (ग्याप) हुन्छ । कार्यान्वयनमा योजना आयोग कसरी संलग्न छ त भन्दा अनुगमनका काम गर्ने, विभिन्न मन्त्रालय तथा निकायसँग समन्वय गर्ने, उनीहरूलाई स्रोत पर्याप्त रूपमा पुग्यो कि पुगेन भनेर सुनिश्चित गर्नेलगायतका काम आयोगले गर्छ । त्यस्तै आयोजनाको सम्भाव्यता के छ ? प्रभावकारिता कति छ ? लगानीको प्रतिफल के हुन्छ लगायतका विषय पहिले नै हेर्ने काम पनि योजना आयोगको हो ।

आगामी आर्थिक वर्ष सम्भवतः हामीले ठूला नयाँ आयोजना गर्न सक्दैनौं । किनभने, हाम्रो स्रोतले भ्याउन सक्ने अवस्था छैन । अर्थतन्त्रमा बाह्य प्रभाव र हाम्रो आन्तरिक संरचनामा देखिएका समस्याका कारणले अहिले नै पनि सरकारले लक्षित राजस्व उठाउन सकेको छैन । चालु आवको अर्धवार्षिक समीक्षा अवधिमा नै लक्ष्यभन्दा करिब एक खर्ब रुपैयाँ कम राजस्व उठेको छ । यस्तो अवस्थामा हामीले आगामी आव भौतिक पूर्वाधार, रोजगारी, सामाजिक कल्याणका लागि नयाँ र ठूला परियोजना ल्याउनसक्ने अवस्था छैन । अहिले चलिरहेकै योजना र कार्यक्रममध्ये जसलाई द्रूतरूपमा अघि बढाउँदा जनतालाई लाभ हुन्छ र रोजगारीलगायतका बहुआयामिक लाभ दिन्छ त्यस्ता योजना र कार्यक्रमलाई प्राथमिकतामा राख्ने र कार्यान्वयनमा जोड दिने भन्ने हो ।

**राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयन अवस्था नै दयनीय छ । यी आयोजना समयमै सम्पन्न हुन नसक्ने अहिलेको समस्या समाधान गर्ने उपाय के हुनसक्छ ?**

यो एकदमै जटिल कुरा छ । हामीले राष्ट्रिय महत्त्व र गौरवका भनेर जुन आयोजना पहिचान गरेका छौं, ती समयमै सम्पन्न हुन्थे भने एक त ती योजना र कार्यक्रमको लागत कम हुन्थ्यो । अर्को कुरा आयोजना समयमा सम्पन्न हुँदा त्यसको लाभ पनि हामीले समयमै लिन पाउँथ्यौं । त्यसैको आधारमा रोजगारी र समग्र आर्थिक वृद्धिदर पनि धेरै माथि पुगिसक्थ्यो । ती आयोजनाको काम समयमा नसकिनु र अवरुद्ध हुनुको अर्थ नै हामी पछाडि पर्नु हो ।

ती आयोजना किन अवरुद्ध भए त भन्दा हाम्रो लामो कालखण्ड राजनीतिक अस्थिरतामै बित्यो । हामीले भोगेको राजनीतिक अस्थिरता विकास निर्माणमा देखिएको अवरोधको सबैभन्दा ठूलो कारक हो । २०७२ सालको भूकम्प अघिसम्म राजनीतिक अस्थिरता, भूकम्पलगत्तै नाकाबन्दी, बीचमा केही समय सम्हालिन नपाउँदै कोभिड-१९ महामारी र अरु परिदृश्य देखापरे । यी र यस्तै कारणले हामी पछि पर्‍यौं । यद्यपि, केही आयोजनामा पहिले २० वर्षसम्म नभएको काम पछिल्लो पाँच वर्षमा भएको छ । त्यसको उदाहरणका रूपमा मेलम्ची खानेपानी आयोजनालाई नै लिन सकिन्छ ।

राष्ट्रिय गौरवका आयोजनामा लामो समयसम्म हुन नसकेको काम अब हामीले छोटो समयमै गर्नुपर्ने छ । म अघिल्लोपटक योजना आयोगमा हुँदा राष्ट्रिय गौरवका आयोजनामा समस्या के छन् भनेर अध्ययन भएको थियो । त्यसलाई कानुनमा ढाल्ने र कार्यविधि संशोधन गर्नेलगायतका केही काम भए । कतिपय हुन सकेनन् । कुनै पनि आयोजनामा सरकारले लगानी गर्ने र अघि बढाउने भनिए पनि त्यसमा धेरै पक्ष जोडिएका हुन्छन् । सरकार लगानी गर्छ, त्यसमा निजी क्षेत्र जोडिन्छ । निर्माण व्यवसायी हुन्छन् । आयोजना प्रभावित स्थानीय हुन्छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय सरोकारवाला हुन्छन् । कतै जमिनको समस्या हुन्छ त कतै वनको समस्या । कति ठाउँमा जमिन अधिग्रहणको काम सकिएर आयोजना प्रभावितले पैसा बुझि पनि सकेका छन् । तर उनीहरूले फेरि विरोध गरिरहेका छन् । दश वर्षअघि मुआब्जा बुझिसकेका जग्गाधनी १० वर्षपछि फेरि विरोध गर्न आउँछन् । कतिपय ठाउँमा कुनै निर्माण व्यवसायीले कुनै सडक बनाउँदै छ भने त्यहाँका युवा क्लबहरूले काममा अवरोध गरेर कमिसन माग्ने गरेको सम्मको अवस्था छ । सरकारको संयन्त्रमा भएका कमीकमजोरीका कारण मात्रै हाम्रा आयोजनापछि परेका होइनन् । सरकारका आयोजनामा पनि ठेकेदार त निजी क्षेत्र नै हुन्छ । हामीले बुझ्नुपर्ने कुरा के हो भने कमजोरी सबैतिर छन् । ती कमजोरीलाई पत्ता लगाएर सच्याउँदै जान कसले के गर्नुपर्छ र कसको भूमिका के रहन्छ भनेर हेरियो भने हामी केही हदसम्म समस्या समाधान गर्न सक्छौं ।

हाम्रो राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना र यस्ता सूचीमा नअटाएका तर महत्त्वपूर्ण आयोजनाहरूलाई 'सेलेक्टिभ' भएर अघि बढ्नुपर्नेछ । कतिपय आयोजना त नामको लागि नाम भनेजस्तै गरी अनावश्यकरूपमा थपिएका पनि छन् । कुन आयोजनामा लगानी गर्दा र छिटोभन्दा छिटो सम्पन्न गर्न सकिन्छ भनेर पहिचान गरी अघि बढ्दा त्यसको लाभ लिन सकिन्छ । धेरैभन्दा धेरै प्रतिफल दिने आयोजना पहिचान गरी त्यसलाई जतिसक्दो चाँडो सम्पन्न गर्नतर्फ लाग्नुपर्दछ । जनताले तत्काल फाइदा लिनसक्ने, रोजगारी बढाउने, आन्तरिक उत्पादन बढाउने, आयात नियन्त्रण गर्ने, निर्यात बढाउन सक्ने आयोजनालाई बढी प्राथमिकतामा राखेर जान आवश्यक छ । अर्को महत्त्वपूर्ण कुरा के पनि हो भने अहिले अघि बढिरहेका सबै आयोजनालाई एकैपटक अघि बढाउन हाम्रो स्रोतले पनि भ्याउँदैन । हाम्रा निर्माण व्यवसायीको त्यो क्षमता छैन । हामीसँग त्यति जनशक्ति पनि छैन । अनुगमनलगायतका कामका लागि हाम्रो कर्मचारी संयन्त्रले पनि गर्न सक्ने अवस्था छैन । निश्चित आयोजनालाई छनोट गरेर प्राथमिकतामा राखी अघि बढ्नुपर्नेछ ।

**आगामी आवका लागि बजेट निर्माण लगायतका कामलाई अगाडि बढाउन के तयारी हुँदै छ ?**

स्रोत समितिले के काम गर्ने भन्ने बारेमा म जानकार नै छु । एक महिनादेखि नै निरन्तर यसैमा क्रियाशील भइरहेको छु । यद्यपि, आयोगको उपाध्यक्षको रूपमा शपथ लिएको आज (बुधबार) तीन दिनमात्रै भयो । हामीले वर्तमान सरकार गठन भएदेखि नै अनौपचारिकरूपमा काम गरिरहेका छौं । मुलुकको अर्थतन्त्र, नीति तथा कार्यक्रमलगायतका विषयमा त अर्थशास्त्रीको रूपमा निरन्तर रूपमा हेरिराखेको नै हो । पदमा आउँदा नयाँ कुरा थाहा हुने नआउँदा थाहा नहुने भन्ने होइन । नेपाल राष्ट्र बैंकसँग हामीले समन्वय गरेकै छौं । अर्थ मन्त्रालयसँग पनि नियमित संवाद भइरहेकै छ । प्रदेश सरकारका सचिव तथा कर्मचारीले नियमित काम गरिरहेका छन् नै । बजेटको सिलिङ दिने काम पनि यही माघ १५ गतेको आसपास नै गरिसक्छौं ।

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# हिउँ पर्ने बेला टन्टलापुर घाम

**ताप्लेजुङ–** अघिल्ला वर्षमा ताप्लेजुङका उत्तरी हिमाली क्षेत्रमा पुस लागेदेखि नै हिमपात सुरु हुन्थ्यो । अग्ला पहाडका चुचुरा र हिमाल हिउँले सेताम्मे देखिन्थे । तर, यो वर्ष माघ महिनामध्य हुन लाग्दा पनि हिमपात भएको छैन । सधैँ हिउँले सेताम्मे देखिने डाँडाकाँडा कालापत्थरझैँ देखिन्छन् ।

स्थानीयवासी छेतेन शेर्पाका अनुसार करिब तीन हजार मिटरको उचाइमा पर्ने ओलाङ्चुङगोलामा अघिल्ला वर्षको माघ महिनामा दुई फिटभन्दा बढी हिउँ जम्थ्यो । उच्च क्षेत्रमा पर्ने मानवबस्ती याङ्मा, घुन्सालगायतका क्षेत्रमा पनि हिउँ परेको छैन । पुसदेखि नै हिउँ पर्ने र चिसो बढ्ने भन्दै उच्च क्षेत्रका कतिपयले फागुन अन्तिमदेखि घर छाडेर अन्यत्र निस्किएका छन् ।

बर्सेनि हिमपातको समयमा याङ्मा, घुन्सा, ओलाङ्चुङगोला लगायतका कतिपय मानिस अन्यत्र जाने गर्छन् । सधैँका वर्षमा जस्तो चिसो पनि नबढेको स्थानीयवासीले बताए । लामो समयदेखि वर्षा नभएको र मौसम सफा रहेको ओलाङ्चुङगोलाका छेतेनको भनाइ छ । 'विगतका वर्षमा पुसदेखि नै हिमपात सुरु हुन्थ्यो, अहिले न वर्षा न त हिउँ नै । पूरै खडेरी चलेको छ, दिनहुँ टन्टलापुर घाम लाग्छ, चिसो हुनेबेलामा न्यानो छ,' शेर्पाले भने ।

समयमा वर्षा र हिउँ नपर्दा किसानलाई समस्या भएको उनले बताए । आलु रोप्ने मौसम नजिकिँदै गएकाले यतिबेलादेखि नै जमिनमा चिस्यान आवश्यक हुने शेर्पाको भनाइ छ । 'उच्च क्षेत्रमा बसोबास गर्नेको मुख्य खेती आलु पनि हो, आलु रोप्ने बेला नजिकिएको छ, आलु रोप्ने समयमा चिस्यान भएन भने समस्या हुन्छ, अन्य तरकारी फलफूलखेतीसमेत लाउन पाइदैन,' उनले भने । यस्तै आगलागीकोसमेत जोखिम हुने शेर्पाले बताए ।

खडेरीका कारण चरन क्षेत्रलगायतमा आगलागी हुनसक्ने भएकाले थप समस्या हुने उनले बताए । बर्सेनि ढिलो गरी हिउँ पर्ने क्रम बढ्दै गएको स्थानीयवासी बताउँछन् ।

पछिल्ला केही वर्षयता हिमपात न्यून हुने र अर्कातिर समयमा नहुने गरेको पाइएको स्थानीयवासीले बताए । हिमपात र वर्षा नहुँदा हिमाली क्षेत्रका किसानलाई मात्रै नभई तल्लो भेगका किसानलाई समस्या छ । गहुँ, जौ, तोरी, मकैलगायतका बालीनाली लगाउने मौसम सुरु हुन लाग्दासमेत खडेरी निरन्तर रहेकाले किसान चिन्तामा परेका छन् । यस्तै हिमपात समयमा नहुँदा वन्यजन्तुमासमेत असर पर्ने बताइन्छ । हिउँ परेको वातावरणमा बस्न रुचाउने हिउँ चितुवा, कस्तुरी, ब्वाँसोलगायतका जनावरलाई समस्या हुने बताइन्छ । *रासस*

---

**त्रिभुवन विश्वविद्यालय**
**विज्ञान तथा प्रविधि अध्ययन संस्थान**
**प्राकृतिक विज्ञान संग्रहालय**
स्वयम्भू, काठमाडौं, नेपाल

**सूचना**

त्रिभुवन विश्वविद्यालय प्राकृतिक विज्ञान संग्रहालय स्वयम्भूमा रिक्त कार्यालय सहयोगि (चौकिदार) पद एक(१) ठेक्का करार सेवामा पद पुर्ति गर्न आवश्यक भएकोले सामान्य लेखपढ गर्न सक्ने नेपाली नागरिक (पुरुष) ले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु.५००/- दस्तुर सहित दरखास्त दिन सुचित गरिन्छ । विस्तृत जानकारीको लागि सम्पर्क फोन.नं. ०१-४२७१८९९.

**डा. गणेश बहादुर थापा**
**प्रमुख**

---

**चौधौ वार्षिक साधारण सभा बारे सूचना**

**आदर्णीय शेयर सदस्य ज्यूहरु,**
उपरोक्त सम्बन्धमा यस अभिलासा बचत तथ ऋण सहकारी संस्था लिमिटेड मिति २०७९/०९/२८ गते बसेको संञ्चालक समितीको बैठकले तपसिल बमोजिम प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्नका लागि संस्थाको १४ औं बार्षिक साधारण सभाको कार्यक्रम निम्न मिति स्थान र समयमा गर्ने निर्णय गरेको हुँदा यहाको महत्वपूर्ण सल्लाह र सुझाव सहित अनिवार्य उपस्थितीको लागी हार्दिक अनुरोध गर्दछु ।

**साधारण सभा हुने मिति, स्थान र समयः**
मिति : २०७९ माघ २८ गते शनिबार
स्थान : (स्काई पार्टी प्यालेस) सामाखुशी चोक
समय : बिहान ११ बजे

**बार्षिक साधारण सभाका प्रश्तावहरु**

१. संचालक समितिको तर्फबात अध्यक्षज्युले प्रस्तुत गर्ने आ.ब. २०७८/२०७९ को बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्न सम्बन्धमा ।
२. आ. ब २०७८/२०७९ को आय व्यय बिवरण सहितको लेखा परिक्षण प्रतिवेदन छलफल गरि पारित गर्ने सम्बन्धमा
३. लेखा समितिको तर्फबाट समिति संयोजक ज्यूले प्रस्तुत गर्ने आ.ब २०७८/२०७९ को बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा
४. चालु आ.ब २०७९/२०८० को लागि लेखा परिक्षक नियूक्ति गरि निजको पारिश्रमिक निर्धाण गर्ने सम्बन्धमा ।
५. चालु आ.ब २०७९/२०८० को लागि कार्यकारी प्रमुख द्धारा प्रस्तुत अनुमानित बार्षिक बजेट नीति कार्यक्रम उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
६. आ.ब २०७९/२०८० मा संचालक समितिले गरेको निर्णहरु अनुमोदन गर्ने सम्बन्धमा ।
७. संचालक समितिले सिफारिस गरे बमोजिम कोषको बाँडफाँड तथा लाभांस बितरण सम्बन्धमा ।
८. संचालक तथा लेखा समितिको रिक्त पदमा पदपुर्ति गर्ने सम्बन्धमा ।
९. विनियम संशोधन गर्ने सम्बन्धमा ।
१०. संस्थाको लागि भवन तथा जग्गा खरिद गर्ने सम्बन्धमा ।
११. साधारण सभाको निर्णाय पुस्तिकामा हस्ताक्षर गरी प्रमाणित गर्न संचालक र सदस्यबाट छनौट गर्ने सम्बन्धमा ।
१२. बिबिध सम्बन्धमा ।

---

**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Dubai Overseas International Pvt. Ltd.** (ई.प.नं.७५१/०६४/०६५)मा **सरोज गुरुङ्ग** (Citizenship No. 333069/908) ले **डकुमेन्टेशन अफिसर**, **पेमा यान्जी शेर्पा** (Citizenship No. 22-02-78-00433) ले **रिसेप्सनिस्ट**, **सुकु माया दनुवार** (Citizenship No. 43994–1948) ले **किचेन हेल्पर** र **शर्मिला श्रेष्ठ** (Citizenship No. 271018/123818) ले **एकाउन्टेन्ट** पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण उहाँहरूले राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

---

**समूह बाहिर काठ बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/१०/११**

बंगलाचुली ८ गोठिबन दाङमा घाटगद्दी गरी राखिएको काठ बिभिन्न जातको १२४८.८१ क्यू.फि. तथा साल दाउरा २.५० र अन्य दाउरा ०.५० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सुचना पाटीमा, बन निर्देशनालय भैरहवामा डिभिजन बन कार्यालय घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टाँस गरिने छ ।

**श्री न्यु कालिका सामुदायिक बन उपभोक्ता समूह**
**बंगलाचुली गा.पा. वडा नं. ८ दाङ**

---

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **स्काईपावर ईन्टरनेशनल सर्भिस प्रा.लि (एभरेष्ट ग्लोबल रिक्रुमेन्ट सर्भिस प्रा.लि)** श्रम इजाजत नः १२७५/०७४/०७५ मा कार्यरत निम्न कर्मचारीहरुलाई मिति २०७९।१०।१० देखि यस प्रा.लि बाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ साथै निजहरुसंग यस प्रा.लि को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य नगर्न/नगराउनु हुन भनि यसै सार्वजानिक सुचना जारी गरिएको छ। यदि गरे गर एमा यस प्रा.लि जिम्मेवार हुने छैन ।

| सि.नं | नाम | ठेगाना | नागरिकता नं |
|---|---|---|---|
| १. | ईश्वर श्रेष्ठ | फुजेल-८ गोरखा | ६२३५१ |
| २. | सुजन विष्ट | गोकर्णेश्वर-३ काठमाडौ | २७-०१-७४-०९०४६ |
| ३. | कुमारी तामाङ्ग | विदुर न.पा-१३ नुवाकोट | २५-०१-७४-०३५८९ |
| ४. | आशमाया तामाङ्ग | कटुन्जे-८ धादिङ्ग | २६/४२३२२ |
| ५. | सुमन वाग्ले | व्यास न.पा-७, तनहुँ | ८२७६५ |
| ६. | सशिम पुन | भकिल्मी-३, म्याग्दी | ४९-०१-७२-०१९६९ |
| ७. | नम्रता घले | ढोडेनी-६, लमजुङ्ग | ४५-०१-७३-०४४३९ |
| ८. | धनमाया लिम्बु | बनिगामा-०६, मोरङ्ग | १०३१/११८ |
| ९. | हेना गुरुङ्ग | पोखरा-८, कास्की | ४५-०१-७०-०८१३७ |

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**
श्रम ईजाजत नं. १२७५/०७४/७५
Sallaghari Marg, Bansbari, Kathmandu
Tel:-+977 4372262, 4375012, Email:-skypower.rec@gmail.com

---


## युएईमा रोजगारको अवसर

**कम्पनी : FACE SHINE LADIES BEAUTY CENTER**
पूर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. 280154 | चलानी नं. ६०१९५६१३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Hairstylist | 0 | 5 | 1200 | ४२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Makeup Artist | 0 | 5 | 1200 | ४२,५२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9851055165, 9846035174, 9851044323, 9843748018, 9810264566, 9818409268
Email:- applyvnv@gmail.com, visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : SARAYA ALJAZIRAH CONTRACTING EST.**
पूर्व स्वीकृति मिति २०७९/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/११ | LT. No. 269799 | चलानी नं. ६०१८५८२०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Public Car Driver | 10 | 0 | 1500 | ५२,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : LEAN LEE TRADING COMPANY SDN BERHAD**
पूर्व स्वीकृति मिति २०७९/०४/२० | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/११ | LT. No. 268515 | चलानी नं. ६०१८४५५२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Manufacturing | 58 | 0 | 1500 | ४५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०७९ माघ १८ गते (1st Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 268515 मितिः २०७९/१०/११ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**KINGFISHER OVERSEAS PVT.LTD**
श्रम ईजाजत नं. १४३५/०७४/७५
Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : BULLDOZER GULF GENERAL TRADING CONTRACTING COMPANY**
पूर्व स्वीकृति मिति : २०७८/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/११ | LT No.252139 | चलानी नं ६०१६९०८३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Kitchen Helper | 9 | 0 | 100 | ४२,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 3 | 0 | 130 | ५५,४९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com


---

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०७९/१०/१२)

यस बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्थाका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ता समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गारी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०७९/१०/१८

**बोलपत्र खोलिने मिति**
२०७९/१०/१९ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिको विवरण | धितो सुरक्षण दिने व्यक्ति, ऋणी तथा जमानीकर्ताहरूको फोटो |
|---|---|---|---|---|
| १. | विविध कर्जा | **ऋणीहरू :**<br>**(क) चालिसे होल्डिङ्स्**<br>दर्ता नं. : २५३६५३/०७७/०७८<br>ठेगाना : का.म.न.पा. ०२, काठमाडौं<br>**(ख) सुपर सील नेपाल प्रा.लि.**<br>दर्ता नं. : १५९४५१/०७३/०७४<br>ठेगाना : का.म.न.पा. १०, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. महेश चालिसे**<br>(ना.प्र.नं. ६२७९, मिति २०५५/०५/२६ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>बाबु : पतिराम चालिसे<br>बाजे : पदमपनि चालिसे<br>**२. सस्रीका शर्मा**<br>(ना.प्र.नं. ३७१०२३/४४४९८, मिति २०६८/०१/१६ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : महेश चालिसे<br>ससुरा : पतिराम चालिसे<br>(कर्जा चुक्ता गर्न ३५ दिने सार्वजनिक सूचना)<br>(प्रकाशित मिति २०७९/०२/०६)<br>(धितो लिलामी सम्बन्धी १५ दिने सूचना)<br>(प्रकाशित मिति २०७९/०६/१३)<br>(आर्थिक अभियान/नेपाल समाचारपत्र राष्ट्रिय दैनिक) | १. चालिसे होल्डिङ्स् प्रा.लि.को नाममा झापा जिल्ला मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कि.नं. २२८४ (१७७७.८० व.मी.), कि.नं. २३९५ (१४३९.१७ व.मी.) र कि.नं. २२८६ (१६०८.४७ व.मी.) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. महेश चालिसेको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, विष्णु (बुढानिलकण्ठ) गा.वि.स./न.पा. वडा नं. ०६ (क) स्थित कि.नं. १०५५ (०-८-१-० रोपनी) र कि.नं. १०५७ (०-२-१-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. ऋणी फर्म सुपर सील नेपाल प्रा.लि.को नाममा रही साबिक मेगा बैंक नेपाल लिमिटेड हाल नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको नाममा धितोबन्धक (हाइपोथिकेशन) मा रहेको निम्न बमोजिका सामानहरुको मोज्दातहरु (स्टकस्) ।<br>(क) भट्टी चुलो<br>(ख) ग्याँस चुलो<br>(ग) भट्टी चुलो वर्नर<br>(घ) फेस सिल्ड (स्पनज)<br>(ङ) फेस सिल्ड (ग्लास)<br>(च) फूल कभर फेस सिल्ड<br>(छ) हाफ कभर फेस सिल्ड<br>(झ) ग्लोभ्स (सर्जिकल)<br>(ञ) ग्याँस पाइप<br>(ट) हाइड्रोलिक पाइप | <br>महेश चालिसे<br><br>सस्रीका शर्मा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

**NIMB**
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेलः info@nimb.com.np, वेबसाइटः www.nimb.com.np


## मलेसियामा वैदेशिक रोजगारको अवसर

**कम्पनी : OEL DISTRIBUTION (JOHOR) SDN.BHD.**
पूर्व स्वीकृति मिति २०७९/०५/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/११ | LT. No.271079 | चलानी नं. ६०१८७६३९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 30 | 0 | 1500 | ४५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : QATAR INFRASTRUCTURE CO.**
पूर्व स्वीकृति मिति २०७९/०३/०२ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/११ | LT. No.265198 | चलानी नं.६०१८११८३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Driver | 6 | 0 | 1800 | ६४,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 2 | 0 | 1000 | ३५,७९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** निःशुल्क कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015542013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraoverseas.com.np

प्रभाव दैनिक

बिहीबार, १२ माघ २०७९ (Thursday, January 26, 2023)

रूपशाला

## फिल्म 'सोल्जी' सार्वजनिक

टोमा लामाको लेखन तथा निर्देशन मुगाली फिल्म 'सोल्जी' सार्वजनिक भएको छ । सामाजिक सञ्जाल युट्युवमार्फत सार्वजनिक फिल्म आङग्याल लामाले निर्माण गरेका हुन् । टोमा फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा टोमा लामा, पजग्मे तेन्जिङ तामाङ, आङ्गूषल लामा, बुम्क्याप तामाङ, कर्मा ठिन्दृ तामाङ, तोर्ची तामाङ लगायतको अभिनय रहेको छ । मुगुको कला संस्कृति भेषभुषा र रहनसहन झल्काउने उद्देश्यले फिल्म निर्माण भएको हो । फिल्मको अंग्रेजीमा सवटाइटल समेत गरिएको छ । फिल्ममा युवराज राईको छायाँ न र दीपक लामाको सम्पादन छ ।



# छैटौं निफ चैत पहिलो साता



■ प्रभाव संवाददाता

**काठमाडौं–** छैटौं 'नेपाल अन्तरािष्ट्रिय चलचित्र महोत्सव' (निफ) आउँदो चैत २ देखि ६ गते (मार्च १६-२०)सम्म आयोजना हुने भएको छ । आयोजक नेपाल फिलम एण्ड कल्चर एकडेमीले बुधबार होटल अरन्या बुटिकमा एक समारोहका बीच महोत्सव घोषणा गरेको हो ।

चलचित्र विकास बोर्डका अध्यक्ष तथा अभिनेता भुवन केसी, नीर शाह, नवराज केसी, गौरी मल्ल, दीपाश्री निरौला, निर्मल शर्मा, प्रशंसा पाण्डे, रेजीना उप्रेती, सरिता गिरी, गोविन्द गौतम लगायतको उपस्थितिमा महोत्सव घोषणा गरिएको हो । महोत्सवमा ५५ देशबाट आएका ५ सय बढी चलचित्रबाट ३५ देशका ९५ चलचित्र छनौट गरिएको छ । महोत्सवमा विगतमा झैं यस पटक पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लामा छोटा चलचित्र, डकुमेन्ट्री तथा एनिमेटेड चलचित्रहरुको ७ विधामा १४ वटा पुरस्कार वितरण गरिनेछ ।

यसवर्ष निफका प्रतिस्पर्धी चलचित्र सिनेमा हलमा प्रदर्शन गरिनेछ । क्यूएफएक्ससँगको सम्झौता अनुसार काठमाडौंका छाँया सेन्टर र सिभिल मल, ललितपुरको लविङ मल र भक्तपुरको क्यूएफएक्स् हलमा फिल्म देखाइनेछ ।

उक्त अवसरमा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले निफ महोत्सवलाई ऐतिहासिक रुपमा चर्चा गरे । उनले संसारभरको 'कल्चर' आदान प्रदान गर्ने उद्धेश्यले सुरु भएको महोत्सवको निरन्तरताको कामना गरे । निफलाई सुरुदेखि नै चलचित्र विकास बोर्डले सहयोग गर्दै आएको बताएका उनले यो पटक पनि सहयोग गर्ने बताए ।

त्यस्तै वरिष्ठ कलाकार नीर शाहले हरेक फिल्मका नेपालमा ३ सय ६५ भन्दा बढी कार्यक्रम आयोजना हुने बताउदै सबैभन्दा सम्झना सम्झनायोग्य र लायक कार्यक्रम निफ हुने बताए । निफले क्यूएफएक्स् र माया एनिमेसन एकेडेमीलाई आफुसँग जोड्न सफल भएकोमा उनले खुसी व्यक्त गरे । 'निफमा अन्तर्राष्ट्रिय गुणस्तरका फिल्म हेर्न पाईन्छ । यो सामान्य कुरा होइन । यो ' इमेन्ट' मात्र होइन 'ग्रान्ड इभेन्ट' हो । यस्तो कार्यक्रमलाई नेपाल सरकारले सहयोग गर्नुपर्छ' उनले भने ।

कार्यक्रममा अभिनेत्री गौरी मल्लले विगतमा निफको जुरीमा रहेर काम गरेको बताउँदै निफ फेष्टिभल मात्र नभएर नेपाली चलचित्रलाई विश्व बजारमा पुर्याउने र विश्व वजारका उत्कृष्ट चलचित्र नेपाली कलाकर्मी र दर्शकलाई देखाउने ठूलो अवसरको रुपमा चर्चा गरिन् ।

अभिनेत्री निर्देशक दिपाश्री निरौलाले निफ कला क्षेत्रको उर्जा भएको बताउँदै महोत्सवको सधैं निरन्तरता पाउनुपर्ने धारणा राखिन् ।

कार्यक्रममा स्याओ च्याङ (डाइरेक्टर, चाइना कल्चरल सेन्टर), नवराज केसी (न्यूयोर्क सिटीका मेयरका सल्लाहकार), निर्मल शर्मा (अभिनेता), सरिता गिरी (अभिनेत्री), प्रशंसा पाण्डे (जिएम, क्यूएफएक्स), इन्द्र बलामी (माया एनिमेसन एकेडेमी)ले निफ महोत्सवको महत्वको बिषयमा चर्चा गरेका थिए ।

# जीतु र साम्राज्ञीको प्रेम झल्कने 'ह्यारी कि प्यारी'को गीत 'मिठो मिठो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** २० माघबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'ह्यारी कि प्यारी' दोस्रो गीत 'मिठो मिठो' सार्वजनिक भएको छ । युग भुषालको संगीत तथा निर्देशक डा. कपिल रिजालको शब्द रहेको गीतमा सौरव दास र देवाञ्जली वी जोशीको स्वर छ ।

गीतको भिडियोमा भने अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह र अभिनेता जीतु नेपालको रोमान्स देख्न सकिन्छ ।

बिआर प्रोडक्सनकको ब्यानरमा निर्माण भएको फिल्ममा साम्राज्ञी र जीतुको अलवा विजय बराल, लक्ष्मी गिरी, सुवास गजुरेल, नरेश पौडेल, रञ्जना भट्टराई, समीक्षा पौडेल, रमेश अधिकारी, डिल्लीराम खनालको अभिनय छ । फिल्ममा अभिनेत्री रेखा थापा विशेष भूमिकामा छिन् ।



सुदीप बराल, गिरीराज घिमिरे, डाक्टर रिजाल, अभिमन्यू निरवीको पटकथा र संवाद फिल्ममा छ । दन्त चिकित्सक डा. रिजालले यसै फिल्मबाट निर्देशनमा होमिएका हुन् । फिलममा सुदीप बरालको छायांकन, अर्जुन जिसीको सम्पादन छ ।


## कर्मचारी हटाइएको सूचना !!!

तपसीलमा उल्लेख व्यक्तिहरुले विभिन्न पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

तपसील:

| S.N | Name | Citizenship No | Post |
|---|---|---|---|
| 1 | **Dilli Prasad Adhikari** | 852414005 (Ilam) | Administration Manager(Head Office) |
| 2 | **Devi Prasad Timilsina** | 104531 (Palpa) | General Manager(Head Office) |
| 3 | **Sandhya Chhetri** | 362008-3193 (Nawalparasi) | Receptionist(Head Office) |
| 4 | **Pashupati Timilsina** | 393016\45 (Palpa) | Labour Representative(Head Office) |
| 5 | **Nirmala Neupane Bhatta** | 021015/889 (Dhading) | Documentation Officer(Head Office) |
| 6 | **Agni Prasad Rai** | 526-117 (Dhankuta) | Accountant(Head Office) |
| 7 | **Sabina Pariyar** | 4410393-380 (Gorkha) | Secretary(Head Office) |
| 8 | **Sarada Ghimire** | 30 (Nuwakot) | Office Assistant(Head Office) |
| 9 | **Sharmila Garg** | 37-01-70-04753 (Rupandehi) | Secretary(Chitwan Branch) |
| 10 | **Gopal Raj Timilsina** | 391016-67 (Palpa) | Branch Manager(Chitwan Branch) |
| 11 | **Rita Bishowakarma** | 49-01-74-01204 (Myagdi) | Secretary(Pokhara Branch) |
| 12 | **Sirjana Adhikari** | 46-06-72-06638 (Kaski) | Secretary(Pokhara Branch) |
| 13 | **Ganesh Timilsina** | 1016-301(Palpa) | Deputy Branch Manager(Butwal Branch) |
| 14 | **Jhalak Prasad Khatiwada** | 6971178 (Jhapa) | Deputy Branch Manager(Birtamode Branch) |
| 15 | **Nansa Shiwakoti** | 04-01-75-00215 (Jhapa) | Receptionist(Birtamode Branch) |
| 16 | **Shusil Sapkota** | 03-01-75-00470 (Ilam) | Secretary(Birtamode Branch) |

श्रम इजाजत पत्र नं.: ७८३/०६५/०६६

पुकार इन्टरनेशनल रिक्रुटमेन्ट प्रा. लि.

टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,

फोन नं.: ०१-४९८८७५४, ४९८८७५५ | E-mail : info@pukaragency@gmail.com


रंगशाला

# उपाधिका लागि दिनेश र रमेश भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सूर्य नेपाल गल्फ टुर २०२२-२३ अन्तर्गत सिजनको तेस्रो प्रतियोगिता सूर्य नेपाल एनपीजीए म्याच प्लेको उपाधिका लागि दिनेश प्रजापति र रमेश अधिकारी भिड्ने भएका छन् । रोयल नेपाल गल्फ क्लबमा बुधबार भएको सेमिफाइनलमा १३ औं वरीयताका रमेश अधिकारीले १० औं वरीयताका भुवन कुमार रोक्कालाई २/१ ले हराउँदै फाइनलमा स्थान सुरक्षित गरे ।

यसैगरी अर्को सेमिफाइनलमा सातौं वरीयताका दिनेश प्रजापतिले आठौं वरीयताका धन बहादुर थापालाई २/१ ले हराएर फाइनलको यात्रा तय गरे । दिनेश र रमेशले उपाधिका लागि भोली ३६-होलको प्रतिस्पर्धा गर्नेछन् भने धन र भुवनले तेश्रो स्थानका लागि १८ होलको खेल खेल्नेछन् ।

यसअघि आजै भएको क्वाटरफाइनलमा अप्रत्याशित




नतिजा आएका छन् । जहाँ नेपाल नम्बर एक खेलाडी शुक्र बहादुर राई, दोस्रो वरीयताका भुवन नगरकोटी, तेस्रो वरीयताका जयराम श्रेष्ठ र पाँचौ वरीयताका रबि खड्का पराजित भए । शुक्रलाई वरीयताका १० औं स्थानमा रहेका भुवन कुमार रोक्काले ३/१ ले हराए । अर्को क्वाटरफाइनलमा धन बहादुर थापाले भुवनलाई ३/२ ले हराउदै अन्तिम चारमा स्थान बनाएका थिए ।

यसैगरी दिनेश प्रजापतिले तेस्रो वरीयताका जयराम श्रेष्ठलाई ३/२ ले हराए । पूर्व नम्बर एक खेलाडी रबि खड्काको चुनौती १३ वौं वरीयताका रमेश अधिकारीले समाप्त पारीदिए। रमेशले पाँचौ वरीयताका रबिलाई ३/२ को नतिजामा पाखा लगाए ।

गत सिजनको उत्कृष्ट १६ प्रोफेसनल गल्फरले प्रतियोगितामा भाग लिने भएतापनि चार खेलाडी देश बाहिर रहेकोले उत्कृष्ट २० सम्मका खेलाडीले मौका पाएका हुन् । सूर्य नेपाल प्रालिको प्रायोजनमा पीजीए नेपालले आयोजना गरेको प्रतियोगिताको कुल पुरस्कार राशी २ लाख ५० हजार रहेको छ ।

विजेता खेलाडीले ६० हजार रुपिया प्राप्त गर्नेछन् भने उपविजेताले ४२ हजार पाउँनेछन् । तेश्रो र चौंथो हुने प्रोले क्रमशः ३२ हजार र २४ हजार प्राप्त गर्नेछन् । क्वाटरफाइनलमा पराजित हुने चार खेलाडीले समान ११ हजार प्राप्त गर्ने छन् र पहिलो चरणबाट बाहिरिने आठ खेलाडीले समान ६ हजार प्राप्त गर्ने छन् ।

# एएसबिसी यू-२२ बक्सिङमा सुष्मालाई रजत

**काठमाडौं (प्रस)–** नेपाली बक्सिङ खेलाडी सुष्मा तामाङ थाइल्यान्डमा जारी एएसबिसी यू-२२ बक्सिङ च्याम्पियनसिपको फाइनलमा पराजित भएकी छिन् । बैंककमा बुधबार भएको महिला ४८ केजी तौल समूहको फाइनलमा सुष्मा उज्वेकिस्तानकी फोजिलोभा फार्जोनासँग पराजित भईन् ।

सुष्मालाई अंकको आधारमा ५-० ले पराजित गर्दै फोजिलोभाले स्वर्ण पदक जितिन् । फाइनलमा पराजित भएपनि सुष्माले ऐतिहासिक रजत पदक जितेकी छिन् । यस अघि सेमिफाइनलमा सुष्माले मंगोलियाकी जनार



गुली बाइस्येनबाइलाई आर एससीको आधारमा पराजित गर्दै फाइनल पुगेकी थिइन् । यस प्रतियोगितामा फाइनल पुग्ने सुष्मा पहिलो नेपाली खेलाडी हुन् । प्रतियोगितामा नेपालबाट समान ३-३ पुरुष/महिला खेलाडी गरि ६ जनाएको सहभागिता रहेको छ ।


## बहुदरमाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडरी, पर्सा
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७९/१०/१२ गते

उपरोक्त सम्बन्धमा मिति २०७९/०९/०३ गतेमा प्रकाशित बोलपत्र मांगको सुचना अनुसार पर्न आएको बोलपत्र मध्ये सबैभन्दा न्युन्तम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतको लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको लागि यो ७ दिने शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | बिवरण | बोल पत्रदाताको नाम र ठेगाना | न्युन्तम कबोल अंक रकम भ्याट समेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | BM/NCB/WORKS /२०७९/०८०/०२ | बहुअरी देखी बिश्रामपुर सम्म सडक कालोपत्रे गर्ने कार्य | सुमित एण्ड अमित कन्स्ट्रक्सन औराहा-२ पर्सा | १,०८,४१,७६३/८५ | |

विदुर प्रसाद उप्रेती
(नि.प्र.प्रशासकिय अधिकृत)

# श्वासप्रश्वासका बिरामी बढेपछि प्योङ्याङमा 'लकडाउन'

**सोल–** देशमा श्वासप्रश्वासका बिरामी बढेपछि प्योङ्याङमा पाँचदिने 'लकडाउन' आदेश जारी गरिएको छ । गत अगस्टमा कोरोनामाथि विजय प्राप्त गरेको उत्तर कोरियाले बुधबारदेखि लागू हुनेगरी राजधानीभर बन्दाबन्दीको आदेश जारी गरेको हो ।

प्योङ्याङका बासिन्दालाई बुधबारदेखि आगामी आइतबारसम्म घरभित्रै बस्न तथा हरेक दिन शरीरको तापक्रम जाँच गर्न आदेश दिइएको उत्तर कोरियाली सरकारले जारी गरेको सूचनालाई उद्धृत गर्दै सोलस्थित एनके न्युजले जनाएको छ । राजधानीमा फैलिएको रोगलाई कोभिड-१९ नभनी त्यसलाई रुघाखोकीका रूपमा चित्रण गरिएको छ । राजधानीमा बन्दाबन्दीको आदेश जारी हुने अनुमान गर्दै नगरबासीले दैनिक आवश्यकताका वस्तु भण्डारण गरेको भोलिपल्ट सरकारी आदेश जारी भएको हो ।

राजधानी प्योङ्याङमा मात्र लकडाउन गरिएको हो वा देशका अन्य सहरमा पनि त्यो लागू गरिएको हो भन्नेबारेमा स्पष्ट गरिएको छैन । राज्य नियन्त्रित सञ्चारमाध्यमले पनि यससम्बन्धमा केही उल्लेख गरेका छैनन् । कोरियाली प्रायद्वीपको यो देशमा निरन्तर तापक्रम घटिरहेको छ । हाल यहाँको तापक्रम माइनस २२ डिग्री सेल्सियस रेकर्ड गरिएको छ ।

उत्तर कोरियाको छिमेकी तथा प्रमुख व्यापारिक साझेदार चीनले हालै कोभिडविरुद्धको शून्य नीति परित्याग गरेको छ । केही अघि चीनका अस्पताल बिरामीले भरिभराउ भएका थिए भने अन्त्येष्टिस्थलमा ठूलो संख्यामा शव ल्याइएका थिए । चीनबाट आफ्नो भूमिमा संक्रमण फैलिन नदिन प्रारम्भदेखि नै उत्तर कोरियाले कठोर नीति अवलम्बन गरेको थियो । यद्यपि, उसले चीनसँगको व्यापारलाई अनुमति दिएको थियो । उत्तर कोरियाले गत एप्रिलमा कोरोनाको प्रकोपले देशलाई गाँजेको स्वीकार गरेको थियो तर तीन महिनापछि चमत्कार भएको भन्दै महामारीबाट मुक्त भएको घोषणा गरेको थियो ।

कोरोनासम्बन्धी उत्तर कोरियाली तथ्यांक तथा महामारी नियन्त्रणमा आएको भनाइलाई लिएर विशेषज्ञ तथा विश्व स्वास्थ्य संगठनले लामो समयदेखि प्रश्न गरिरहेका छन् । विज्ञहरूका अनुसार उत्तर कोरियाको स्वास्थ्य सेवा प्रणाली कमजोर छ । अस्पतालहरूमा पर्याप्त उपकरण छैनन् भने अस्पतालहरूमा सघन उपचार कक्ष पनि सीमित छन् । साथै त्यहाँ कोभिड-१९ को उपचार गर्ने औषधिको पनि अभाव छ । दुई करोड ५० लाख जनसंख्या भएको उत्तर कोरियामा कुनै नागरिकले कारोनाविरुद्ध खोप लगाए/नलगाएको भन्न कठिन छ । चीनबाट केही मात्रा खोप प्राप्त भएकाले केही नागरिकले खोप लगाएको अनुमान गर्न सकिन्छ । *रासस/एएफपी*

# जापानमा भारी हिमपात

**टोकियो–** भारी हिमपात र शक्तिशाली हुण्डरीका कारण जापानका अधिकांश भागको यातायात प्रणाली अवरुद्ध भएको छ । जापानमा यो वर्ष एक दशकयताकै अधिक चिसो र हिमपात भएको छ । प्रतिकूल मौसमका कारण प्रमुख रेल सेवा बन्द गरिएका छन् भने केही स्थगन भएका छन् ।

बाक्लो तुषारोले गर्दा द्रुत रेल सेवाको गति पनि मन्द भएको छ भने केही सेवामा विलम्ब भएको छ । बुलेट रेल सेवाको हालत पनि यस्तै छ । इस्ट जापान रेलवे कम्पनीले तोहोकु- शिंकासेन सेवाका साथै यामागाता- शिंकानसेन सेवा बुधबार बन्द रहने जनाएको छ ।

तोकाइदो र सान्यो शिंकानसेन क्षेत्रका प्रमुख रेलसेवा बन्द भएका छन् । परिस्थितिको विश्लेषण गरेरमात्र सेवा पुनः सुरु गरिने रेल सेवाका अधिकारीले बताएका छन् । हिउँ हटाउन राष्ट्रिय राजमार्ग पनि बन्द गर्नुपर्ने अवस्था आएको यातायात मन्त्रालयले जनाएको छ । चालकहरूलाई अत्यावश्यक अवस्थामाबाहेक सवारीसाधन सञ्चालन नगर्न आदेश दिइएको छ । हिमपातका बेला प्रयोग गरिने टायर प्रयोग गर्न पनि गाडीका चालकलाई मन्त्रालयले आग्रह गरेको छ ।

जापान एयरलाइन्स र अल निप्पोन एयरवेजले पनि बुधबारका सयौं उडान रद्द गर्ने योजना बनाएका छन् । उनीहरूले यात्रीलाई यथाशीघ्र आफ्नो उडान सुनिश्चित भए/नभएको यकिन गर्न अनुरोध गरेका छन् । जापानको जल तथा मौसम विज्ञान विभागले देशको तापक्रम अझ घट्ने जनाएको छ । बिहीबार पनि बुधबारको झैं मौसम सफा नरहने विभागको अनुमान छ । *रासस/सिन्ह्वा*

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/१०/०५ गते निम्न विवरणको निलो, कालो रङको पल्सर मोटरसाइकल काठमाडौं बसुन्धारा स्थित ग्रीन सिटी हस्पिटल अगाडि पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीको नाम : टंक बहादुर लिम्बु
बाइक नं. : बा.प्र -०२-०३६ प ३२२३
च्यासिस नं.:MD2A11CX6NPK 12524
इन्जिन नं. : DHXRNK72046
ठेगाना : संखुवासभा, नुन्ढाकी-०८
मो. : ९८४१८७८११२, ९८०८६४९५९६


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Documentation Officer -1(F/M)

योग्यताः Japanese Language जानेको (Typing, Reading), जापानको लागि कागजपत्र मिलाउन सक्ने, जापानीज भाषाको अध्यापन समेत गर्न सक्ने, जापान देखी फर्केको व्यक्तिलाई विशेष प्राथमिकता दिइने, जापानिज भाषामा कुराकानी गर्नसक्ने र computer मा दक्ष हुनुपर्नेछ ।

तलबः ३०,०००।- देखि ५५,०००।- सम्म
CV 10th Feb भन्दा अधि नै बुझाउनुपर्नेछ ।
अन्तरवार्ता मितिः 13th Feb, 2023

ALL RAHIM MANPOWER PVT. LTD.
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal
Contact: 9851124876
श्रम इजाजत नं. १२६८/०७४/०७५



## VACANCY ANNOUNCEMENT

A Reputed Foreign Employment Agency is looking for suitable candidates for the given post.

1. Receptionist : 01 *Female*
2. Documentation Officer : 01 *Male/Female*

***Qualification/Experience:***

*- Should have experienced in related work field*
*- Should have good communication skills*
*-Should have passed +2*

SALARY IS NEGOTIABLE!!

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653,
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com
श्रम इजाजत नं. १०५०/०७३/०७४



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING CO.
पूर्व स्वीकृति मिति २०७९/०१/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/११ | LT. No. 262375 | चलानी नं. ६०१७८८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Installation Worker | 2 | 0 | 1200 | ४१,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD.
श्रम इजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :ALLIWAN RESTAURANTS CORPORATION
पूर्व स्वीकृति मिति : २०७९/०९/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/११ | LT. No.279257 | चलानी नं.६०१९४८०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 6 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी :JADDARAH RECRUITMENT COMPANY
पूर्व स्वीकृति मिति : २०७८/१२/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/११ | LT. No.261291 | चलानी नं.६०१८४८२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 100 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JADDARAH RECRUITMENT COMPANY
पूर्व स्वीकृति मिति २०७८/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/११ | LT. No. 247560 | चलानी नं. ६०१७१०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General labor | 52 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २३ गते (6th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TAWI CONSTRUCTION AND BUILDING COMPANY LTD.
पूर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No.279980 | चलानी नं. ६०१९५५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ६२,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Road Maintenance Worker | 40 | 0 | 1200 | ४१,६५५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्कः १०,०००

कम्पनी : SATRIA INTELLIGENCE AGENCY SDN BHD
पूर्व स्वीकृति मिति २०७८/१२/२४ | पून विज्ञापन स्वीकृति मिति २०७९/१०/११ | LT. No.260791 | चलानी नं. ६०१७३२५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 2 | 0 | 1200 | ३६,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

कम्पनी : CEDAR CASTLE RESTAURANT FOR SERVING MEALS
पूर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. 280039 | चलानी नं. ६०१९५५८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1200 | ४१,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NORTH FIRM HOSPITALITY SERVICES CO. LLC.
पूर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. 280132 | चलानी नं.६०१९५६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 0 | 1500 | ५३,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Supervisor | 1 | 0 | 1500 | ५३,१५० | | | | | | | |
| 3 | Administration Officer | 0 | 1 | 1500 | ५३,१५० | | | | | | | |
| 4 | Filling Clerk | 4 | 0 | 1500 | ५३,१५० | | | | | | | |
| 5 | Office Clerk | 0 | 4 | 1500 | ५३,१५० | | | | | | | |
| 6 | Cleaning Supervisor | 2 | 0 | 1500 | ५३,१५० | | | | | | | |
| 7 | Housekeeping Supervisor | 0 | 2 | 1500 | ५३,१५० | | | | | | | |
| 8 | Sales Supervisor | 0 | 2 | 1500 | ५३,१५० | | | | | | | |
| 9 | Marketing Specialist | 2 | 0 | 1500 | ५३,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Avion Human Resource Management Pvt. Ltd.
AVION
श्रम ईजाजत नं. १५२४/०७४/७५
Sinamangal-9, (Airport Gate) Kathmandu, Nepal.
Tel No.: +977 1 4499632, 4484744 Fax: +977-1-4479363
Email: avionhumanrm@gmail.com., Website: www.avionhrm.com.



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :SALWA RESTAURANT
पूर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. :280095 | चलानी नं. ६०१९५५९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 2200 | ७८,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Juice Maker | 1 | 0 | 1500 | ५३,६९५ | | | | | | | |
| 3 | Labour | 3 | 0 | 1000 | ३५,७९५ | | | | | | | |
| 4 | Representative | 1 | 0 | 2200 | ७८,७५० | | | | | | | |
| 5 | Salesman | 1 | 0 | 1300 | ४६,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Dream & Guide System Pvt. Ltd.
श्रम इजाजत न. ६७१/०६३/०६४
P.O.Box:- 144,Sundar Marg, Basundhara-3, Kathmandu, Nepal,
Tel: - +977-01-5905860, 5905859, Email: - dreamguidesystem@gmail.com/ info@dreamandguide.com, Web:- www.dreamandguide.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBA SECURITY SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०७९/१०/११ | LT. No. :271089 | चलानी नं.६०१८७०३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 20 | 0 | 1500 | ४५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

APPOLO OVERSEAS SERVICES (P) LTD.
G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM
Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com
Govt. License 586/062/063
www.appolooverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAAD SALEH AL BAHOUTH CONTRACTING EST
पूर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. 280096 | चलानी नं. ६०१९५५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६२,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZAYED MATAR BIN HUMAID AL SHAMMARI FOUNDATION FOR OPERATION AND MAINTENANCE
पूर्व स्वीकृति मिति २०७९/०९/२२ | LT. No. 279020 | चलानी नं. ६०१९४५४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1300 | ४५,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : STAR HAWAZEN TRADING EST.
पूर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. 280086 | चलानी नं. ६०१९५५८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 1 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : STAR HAWAZEN TRADING EST.
पूर्व स्वीकृति मिति २०७९/१०/११ | LT. No. 280087 | चलानी नं. ६०१९५५८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Filling Labour | 1 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ २२ गते (5th Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALPHA MULTI FORCE SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०८/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/१०/११ | LT No. 277786 | चलानी नं. ६०१९३३७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 31 | 0 | 1500 | ४५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ माघ १९ गते (2nd Feb. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Access Partners Nepal Pvt. Ltd.
Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899,
Mobile: 9851095260, 9851019507, 9802095260, 9813263946, 9841032112, and 9829582034
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०६३०० | प्रति तोला – १०५८०० | प्रति तोला – १३६५ |



**माता सरस्वती** इनरुवामा बिक्रीका लागि राखिएका सरस्वतीको मूर्ति । मूर्ति दुई हजार ५०० देखि १७ हजार सम्ममा बिक्री हुने कालिगढ विनोद यादव बताउँछन् । *तस्बिरः नवीन गड्तौला/रासस*

## दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अंकले बढेको छ । बुधबार नेप्से परिसूचक १० दशमलव ३७ अंकले बढेर दुई हजार एक सय ८३ दशमलव ६२ अंकमा कायम भएको हो । बुधबार दुई सय ६१ वटा कम्पनीको ९५ लाख ३२ हजार आठ सय ६७ कित्ता सेयर ५४ हजार तीन सय ७७ पटक खरिदबिक्री हुँदा रू तीन अर्ब ४६ करोड ६५ लाख आठ हजार तीन सय ३८ बराबरको कारोबार भएको छ ।

बैंकिङ, वित्त र अन्य समूहको उपसूचक घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ । बैंकिङ समूह सात दशमलव ४६, वित्त समूह शून्य दशमलव २५ र अन्य समूह २३ दशमलव ९५ अंकले घटेको छ । सबैभन्दा वृद्धि देखिनेमा जीवन बीमा समूहको उपसूचक दुई सय ६६ दशमलव १६ र निर्जीवन बीमा समूहको उपसूचक एक सय ८८ दशमलव २९ अंकले बढेको छ ।

त्यस्तै, विकास बैंक २८ दशमलव २४, होटल तथा पर्यटन समूह एक सय १८ दशमलव ०२, जलविद्युत् समूह ३६ दशमलव ५६, लगानी समूह शून्य दशमलव १६ र उत्पादन समूह ४० दशमलव ९५ अंकले बढेको छ । लघुवित्त समूहको उपसूचक ४७ दशमलव ९३, म्युचुअल फन्ड शून्य दशमलव १८ र व्यापार समूह १९ दशमलव १३ अंकले बढेको पनि नेप्सेले जनाएको छ ।

त्यस्तै सानिमा जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड, सूर्यज्योती लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेड, ग्रीन लाइफ हाइड्रो पावर लिमिटेडलगायत कम्पनीको मूल्यमा सकारात्मक सर्किट लागेको छ । बढी गुमाउनेमा भने राष्ट्रिय वाणिज्य बैंक म्युचुअल फन्ड-१, जानकी फाइनान्स कम्पनी लिमिटेड र पिपुल्प हाइड्रोपावर कम्पनीका लगानीकर्ता छन् । आज सबैभन्दा धेरै नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको सबैभन्दा धेरै रू १० करोड १४ लाख ८६ हजार बराबरको कारोबार भएको छ ।

# गौरवका आयोजनाको प्रगति लक्ष्यभन्दा न्यून

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले रणनीतिक महत्व र रुपान्तरणकारी भनेका राष्ट्रिय गौरवका आयोजनामा बजेट खर्च निकै न्यून देखिएको छ । चालु आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षासम्म अधिकांश गौरवका आयोजनाले लक्षित उपलब्धि हासिल गर्न सकेका छैनन् । मुलुकको आर्थिक-सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान गर्नसक्ने भनिएका आयोजनामै न्यून खर्च छ ।

त्यसो त अहिले गौरवका आयोजनामा मात्र नभई समग्र सरकारी खर्च न्यून छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार गत पुस मसान्तसम्ममा सरकारको कूल बजेट खर्च ३२ प्रतिशत छ । जसमा चालुतर्फ ३८ प्रतिशत र पुँजीगततर्फ १४ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ २९ दशमलव ४४ प्रतिशत खर्च भएको छ । पुस मसान्तसम्म राष्ट्रिय गौरवका आयोजनामा औसत २३ प्रतिशत मात्रै बजेट खर्च भएको महालेखा नियन्त्रकको तथ्यांक छ ।

चालु आवमा राष्ट्रिय गौरवका आयोजनाका लागि रू ९७ अर्ब बराबर बजेट छुट्याइएको छ । ठूलो बजेट भएका र प्राथमिकताप्राप्त भनिएका आयोजनाको उपलब्धि पनि सन्तोषजनक छैन । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार मिलिनियम च्यालेन्ज अकाउन्ट नेपाल, दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना, काठमाडौं-तराई मधेस द्रुतमार्ग, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थललगायत गौरवका आयोजनामा पुस मसान्तसम्मको खर्च पाँच प्रतिशतभन्दा कम छ ।

राष्ट्रिय गौरवका सबै आयोजना एकैपटक कार्यान्वयनमा लैजाँदा त्यसको प्रभावकारिता न्यून देखिएको योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ बताउँछन् । 'अहिले अगाडि बढेका सबै आयोजनामा एकै पटक काम गर्दा हाम्रो स्रोतसाधनले भ्याउँदैन । हाम्रा निर्माण व्यवसायीसँग पनि त्यो क्षमता छैन । अनुगमनलगायतका कामका लागि हाम्रो कर्मचारी संयन्त्रले पनि त्यो गर्नसक्ने अवस्था छैन । यसकारण निश्चित आयोजनालाई छनोट गरेर प्राथमिकतामा राखी अघि बढ्नुपर्नेछ', श्रेष्ठले भने ।

सबै आयोजनासँगै अघि बढाउने नभई कुन आयोजनामा लगानी गर्दा छिटोभन्दा छिटो सम्पन्न गर्न सकिन्छ भनेर पहिचान गरी अघि बढाउँदा त्यसबाट लाभ लिन सकिने उहाँको भनाइ छ । धेरैभन्दा धेरै प्रतिफल दिने आयोजना पहिचान गरी त्यसलाई जतिसक्दो चाँडो सम्पन्न गर्नतर्फ लाग्नुपर्ने अवस्था अहिले रहेको श्रेष्ठले बताए । सरकारले चालु आव मिलिनियम च्यालेञ्ज एकाउन्ट नेपाल आयोजनाका लागि रू नौ अर्ब २५ करोड ३४ लाख बजेट विनियोजन गरेको महालेखा नियन्त्रक कार्यालयको तथ्यांक छ । तर आयोजनाको पुस मसान्तसम्मको कूल खर्च भने वार्षिक विनियोजनको शून्य दशमलव ४३ प्रतिशत अर्थात् रू चार करोड पाँच लाख ७५ हजार बराबर मात्रै छ ।

काठमाडौं-तराई मधेस फास्ट ट्र्याकका लागि चालु आवका लागि रू ३० अर्ब सात करोड ८६ लाख बजेट छुट्याएको छ । तर यो आयोजनाले पुस मसान्तसम्ममा लक्ष्यको पाँच दशमलव १३ प्रतिशत अर्थात् रू एक अर्ब ५९ करोड ८५ लाख ४६ हजार खर्च गरेको छ । जसमध्ये चालुतर्फ रू दुई करोड ५५ लाख ६ हजार र पुँजीगततर्फ रू एक अर्ब ५७ करोड ३० लाख बराबर खर्च भएको छ ।

त्यस्तै सरकारले बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनामा चालु आवका लागि रू सात अर्ब ९३ करोड २३ लाख बराबर विनियोजन गरेको छ । हालसम्मको खर्च भने १५ दशमलव ८५ प्रतिशत अर्थात् रू एक अर्ब २५ करोड ७८ लाख पाँच हजार बराबर छ ।

बबई सिँचाइ आयोजनाका लागि यस वर्ष रू एक अर्ब ५२ करोड २८ लाख ४० हजार बराबर विनियोजन भएकामा हालसम्म ३१ दशमलव ५१ प्रतिशत अर्थात् रू ४८ करोड १६ लाख ३४ हजार बराबर खर्च भएको छ । जसमध्ये चालु खर्च रू एक करोड ७३ लाख ६५ हजार छ भने पुँजीगततर्फ रू ४६ करोड ४२ लाख ६९ हजार बराबर खर्च भएको छ ।

महाकाली सिँचाइ आयोजनामा पुस मसान्तसम्ममा वार्षिक विनियोजनको ४२ दशमलव ४३ प्रतिशत खर्च भएको महालेखा नियन्त्रकको तथ्यांकबाट देखिन्छ ।

सिक्टा सिँचाइ आयोजनाले पुस मसान्तसम्म १९ दशमलव ७१ प्रतिशत बजेट खर्च गरेको छ । यो आयोजनामा चालु आवका लागि रू एक अर्ब ८८ करोड ६१ लाख बराबर विनियोजन भएकामा हालसम्म रू ३७ करोड २० लाख बराबर खर्च भएको देखिएको हो । रानीजमरा कुलरिया सिँचाइ आयोजनामा रू दूई अर्ब ९० करोड बराबर बजेट विनियोजन भएकोमा पुस मसान्तसम्म १६ दशमलव २७ प्रतिशत अर्थात् रू ४७ करोड १९ लाख ७९ हजार बराबर खर्च भएको छ ।

भेरी-बबई बहुउद्देश्यीय आयोजनामा रू दुई अर्ब २७ करोड ७८ लाख बराबर बजेट छुट्याइएकामा पुस मसान्तसम्ममा रू १४ दशमलव ४३ प्रतिशत अर्थात् रू ३२ करोड ८७ लाख बराबर खर्च भएको छ ।

सुनकोसी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनामा रू दुई अर्ब ७१ करोड ६२ लाख बराबर विनियोजन भएकामा चालुतर्फ रू ९७ लाख २८ हजार र पुँजीगततर्फ रू दुई अर्ब ३८ करोड चार लाख गरी कूल रू दुई अर्ब ३९ करोड खर्च भएको छ ।

पशुपति क्षेत्र विकास कोषले वार्षिक विनियोजनको ४६ दशमलव ३३ प्रतिशत बजेट खर्च गरेको छ । चालु आवका लागि पशुपति विकास कोषले रू २४ करोड बराबरको बजेट पाएकामा पुस मसान्तसम्म रू ११ करोड १२ लाख बराबर खर्च भएको छ ।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका लागि रू दुई अर्ब १७ करोड ३२ लाख बराबर विनियोजन भएकोमा १४ दशमलव २५ प्रतिशत बराबर अर्थात् रू ३० करोड ९८ लाख बराबर खर्च भएको छ । यस्तो खर्चमध्ये चालु शीर्षकमा रू चार करोड ९८ लाख र पुँजीगत शीर्षकमा रू २६ करोड बराबर खर्च भएको छ ।

मध्यपहाडी राजमार्गमा चालु आव लागि रू नौ अर्ब ३३ करोड १६ लाख बराबर विनियोजन भएकामा १६ दशमलव ४९ प्रतिशत अर्थात् रू एक अर्ब ५३ करोड ९३ लाख बराबर खर्च भएको छ । उत्तर दक्षिण राजमार्ग (कर्णाली, कालीगण्डकी र कोसी) का लागि रू चार अर्ब ५९ करोड ५२ लाख बराबर बजेट विनियोजन गरिएकामा २३ दशमलव ५१ प्रतिशत अर्थात् रू एक अर्ब आठ करोड पाँच लाख खर्च भएको छ ।

## तारकेश्वरमा उच्च क्षमताको सवस्टेसन बनाउँदै प्राधिकरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकाको विद्युत् वितरण प्रणालीलाई व्यवस्थित बनाउने लक्ष्यका साथ नेपाल विद्युत् प्राधिकरणले काठमाडौंको तारकेश्वर नगरपालिकामा उच्च क्षमताको सवस्टेसन निर्माण गर्ने भएको छ । नियमितरूपमा उच्च भोल्टेजको बिजुली आपूर्ति गर्न तथा आकस्मिकरूपमा हुने विद्युत् विच्छेदजस्ता अवरोधसमेत न्यूनीकरण गर्न उक्त सवस्टेसन निर्माण गर्न लागिएको हो ।



प्राधिकरणले आगामी ३० वर्षसम्म काठमाडौं उपत्यकाभित्र बिजुलीको माग सहजपूर्वक सम्बोधन गर्ने तयारी गरिरहेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले त्यसका लागि काठमाडौंमा 'रिङ सर्किट' निर्माण गर्ने बताएका छन् ।

यस्तै नदी किनारै किनार एक सय ३२ केभी क्षमताका प्रसारण लाइन बनाइने उनको भनाइ छ । उपत्यकाका तीन जिल्ला र काभ्रेपलान्चोकमा समेत भरपर्दो र गुणस्तरीय बिजुली प्रवाहका लागि नयाँ सवस्टेसन निर्माण गर्न लागिएको हो । प्रसारण पूर्वाधार तथा सवस्टेसनको अभावमा काठमाडौंमा बाध्यकारीरुपमा लोडसेडिङ हुनसक्ने अवस्था सिर्जना भएको प्राधिकरणको भनाइ छ ।

उपत्यकाभित्र कूल ६६ केभीदेखि दुई सय २० केभी क्षमताका प्रसारण लाइन तथा सवस्टेसन निर्माण गर्नुपर्ने भएकाले विद्यमान प्रसारण लाइन तथा सवस्टशेनको संरचनागत सुधार, स्तरोन्नति एवम् विस्तार गर्ने तयारी पनि तीव्र गतिमा अगाडि बढाइएको हो ।

सोही क्रममा साविकको जितपुरफेदी गाविसको वडा नं ५ र गोलढुङ्गा गाविसको ३ मा २२०/१३२/६६/११ केभी क्षमताको सवस्टेसन निर्माण गर्न लागिएको छ ।सो सवस्टेसन निर्माणका लागि आवश्यक पर्ने जग्गा प्राप्तिका लागि प्राधिकरणले आज सूचना प्रकाशित गरेको छ । जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ अनुसार कूल ६१ परिवारको जग्गा अधिग्रहण गर्नुपर्ने प्राधिकरणको सूचनामा उल्लेख छ ।

## पाँच निर्माण कम्पनी कारबाहीमा

■ प्रभाव संवाददाता

**वीरगञ्ज–** स्वास्थ्य संस्थाको भवन निर्माण गर्ने सम्झौता गरे पनि लामो समयसम्म अलपत्र पार्ने पाँचवटा निर्माण कम्पनीमाथि सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय पर्साले कारबाही गरेको छ । रौतहट, बारा र पर्सा जिल्लामा सञ्चालित विभिन्न आठवटा स्वास्थ्य संस्था निर्माणको सम्झौता गरेर पनि लामो समयसम्म काम सम्पन्न नगर्ने निर्माण कम्पनीमाथि कारबाही गरिएको सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय पर्साका प्रमुख झपटबहादुर थापाले जानकारी दिए । योजनाको म्याद समाप्त भएर पटक-पटक म्याद थप गरे पनि लामो समयसम्म कार्य सम्पन्न नगर्ने निर्माण कम्पनीलाई कालोसूचीमा राखेर ठेक्का तोडेर पुनः ठेक्कामार्फत काम अघि बढाइएको प्रमुख थापाले बताए ।

प्रमुख थापाका अनुसार अजम्बर/शिवराम कन्स्ट्रक्सन जेभी दोलखा, स्वस्तिक श्री विनायक कन्स्ट्रक्सन हेटौंडा, डाँफे/तिरुपति जेभी पर्सा, टौदह कन्स्ट्रक्सन चाल्नाखेल-५ काठमाडौं, म्याग्लुङ/टौदह/पञ्चकन्या जेभी काठमाडौं र शिवराम कन्स्ट्रक्सन कम्पनी प्रालि दोलखामाथि कारबाही गरी ठेक्का तोडिएको छ । पटक पटक स्पष्टीकरण सोधिए पनि सन्तोषजनक जवाफ नआएको र निर्माण गर्नेतर्फ चासो नदेखाएकाले उनीहरुसँगको ठेक्का तोडिएको प्रमुख थापाको भनाइ छ ।

अजम्बर/शिवराम कन्स्ट्रक्सन जेभी दोलखाले स्वास्थ्य चौकी पटेर्वा सुगौली पर्सा, स्वास्थ्य चौकी भवन शंकर सरैया पर्सा, स्वास्थ्य चौकी जिगडवा बेलबिछवा रौतहट निर्माणको सम्झौता गरेको थियो ।

यस्तै स्वस्तिक श्री विनायक कन्स्ट्रक्सन हेटौंडाले भेडहारी उपस्वास्थ्य चौकीको स्तरोन्नति तथा स्वास्थ्य चौकी भवन निर्माणको ठेक्का लिएको थियो भने डाँफे/तिरुपती जेभी पर्साले पिपरपाती पछौटा उपस्वास्थ्य चौकी हेल्थ पोष्ट भवन निर्माण गर्ने सम्झौता गरेको थियो ।

त्यस्तै टौदह कन्स्ट्रक्सन चाल्नाखेल-५ काठमाडौंले चार परिवारको स्टाफ क्वार्टर भवन निर्माण कलैया बाराको निर्माण सम्झौता गरेको थियो । म्याग्लुङ/टौदह/पञ्चकन्या जेभी काठामाडौंले स्वास्थ्य चौकी भवन निर्माण औराहा पर्सा र शिवराम कन्स्ट्रक्सन कम्पनी प्रालि दोलखाले स्वास्थ्य चौकी भवन निर्माण सम्झौता पर्साको निर्माण सम्झौता गरेको सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय पर्साले जनाएको छ । कम प्रतिस्पर्धामा ठेक्का लिएर लामो समयसम्म काम सुरु नगर्ने र गुणस्तहीन काम गर्ने प्रवृत्ति बढेकाले त्यस्ता निर्माण कम्पनीहरुमाथि निगरानीसमेत बढाएको प्रमुख थापाको कथन छ ।

व्यक्तिगत घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो

- व्यक्तिगत घटना ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई निःशुल्क दर्ता गरौं गराऔं ।
- जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले दिन सक्छन् ।
- विवाहको सूचना पति र पत्नी दुवैले दिनुपर्छ ।
- सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णयसहित पति वा पत्नी कुनै एक पक्षले दिन सक्छन् ।
- बसाई सराई दर्ता गर्दा व्यक्ति आफुमात्र बसाई गरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिनुपर्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ